**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

epprateekdaily.com

**जनहितमा जारी सन्देश**

- सम्पूर्ण तराई 'लू'को चपेटामा छ,
- आवश्यक काम नपरी बाहिर ननिस्कौं,
- बाहिर निस्कनै परे छाता लिएर, टाउकोमा गम्छा राखेर, प्रशस्त पानी खाएर निस्कौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ २९ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 11 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २७९

## पर्सामा जनता आवास कार्यक्रम भद्रगोल

## गरीबको समस्या ज्यूँका त्यूँ

प्रस, वीरगंज, २८ जेठ/

पर्सा, बारा, रौतहटमा सङ्घ सरकारले सञ्चालन गरेको गरीबका लागि जनता आवास कार्यक्रम भद्रगोल भएपछि लक्षित वर्गको समस्या यथावत् रहेको छ ।


तस्वीरः फाइल

योजना सञ्चालन भएको आठ वर्ष बिते पनि सरकारको लापरवाही तथा कर्मचारीहरूको कमिशनखोरीका कारण जनता आवास कार्यक्रम असफल बन्दै गएको देखिन्छ ।

घरविहीनहरूको हकमा नेपालको संविधानको धारा ४२ उपधारा (२)मा आर्थिकरूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगार, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हकले नेपाल सरकारले यो योजना लागू गरेको हो । तर कर्मचारीहरूको नानीदेखि लागेको बानीका कारण गरीबको घर बनाउनका लागि आएको पैसामा पनि आँखा लगाउँदै योजनालाई भद्रगोल बनाइ कमाइखाने भाँडो बनाएका छन् ।

सरकारले प्रतिवर्ष रकम पठाउँदै आए पनि कर्मचारीहरू निर्माणसम्पन्न घरहरूको रकम भुक्तानी नगरी कमिशन लिंदै नयाँ घर निर्माणको लागि सम्झौता गर्न थालेपछि कार्यक्रम अलपत्र परेको हो । दलितहरूले नयाँ घरमा बस्ने चाहनाले पुराना घर भत्काए तर घर समयमा बनेन । योजना लागू भएको आठ वर्ष भयो । बेघर भएर जीवनयापन गर्दै आएको पीडितहरू बताउँछन् । जनता आवासको लागि तीन किस्तामा एक घरको लागि तीन लाख ३६ हजार दिनुपर्छ । राज्यले प्रतिवर्ष एकमुस्ट रकम दिंदै आएको छ । तर कर्मचारीहरूले पुरानो भुक्तानी नदिने तर प्रतिवर्ष नयाँ घर बनाउने सम्झौता गर्ने गरेका कारण नयाँ–पुराना सबै मर्कामा परेका छन् । जनता आवास कार्यक्रममा अनियमितता भएको भन्दै केही कर्मचारीहरूलाई अख्तियारले निलम्बनसमेत गरिसकेको छ ।

आव २०७३/७४ देखि कार्यक्रम लागू भएको आठ वर्ष बितिसक्दा पनि पर्सामा अहिलेसम्म ४२५ वटा घर बनेका छैनन् । त्यति बेला ९४८ घर बनाउने सम्झौता भएको थियो । आव २०७७/७८ मा १९८, २०७८/७९ मा ६८१ गरी जम्मा एक हजार ८६९ वटा घर बनाउने सम्झौता भएको देखिन्छ । हालसम्म एक हजार ४४४ घर बनेका छन् । सङ्घीयता लागू भएपछि शहरी भवन डिभिजन प्रदेश कार्यालयले यो कार्यक्रम हेर्दै आएकोमा चालू आवदेखि कार्यालय मर्ज गरी पूर्वाधार विकास कार्यालयले यो योजना हेरिरहेको छ ।

कार्यालय प्रमुख इन्जिनीयर दीपक मिश्रका अनुसार यस वर्षको लागि सो कार्यक्रममा ५० लाख रकम निकास भएको छ । तर सबै घर निर्माण गर्न करीब चार करोड रकम आवश्यक पर्ने उनले बताए । उनले यस वर्ष नयाँ घरका लागि सम्झौता नगरी लामो समयदेखि अलपत्र रहेका पुराना घरहरू सम्पन्न गर्ने रणनीति लिएको बताए । प्रमुख मिश्रले आवश्यक रकम नआए पनि जति आउँछ, सबै रकम पुराना अलपत्र परेका घरको भुक्तानी गर्नमा लगाउने बताए ।

### निधि आवास कार्यक्रम पनि अलपत्र

प्रदेश सरकारले आवश्यकता अनुसार रकम नपठाउँदा अधिकांश योजना अलपत्र रहेको अवस्थामा गत आवदेखि प्रदेश सरकारले निधि आवास कार्यक्रम लागू गरेको छ । जनता आवास कार्यक्रम सङ्घ सरकारको कार्यक्रम हो । निधि आवास योजनामा एउटा घर बनाउन रु पाँच लाख ३८ हजार दिइँदैछ । ती घरमा प्लास्टर, पेन्ट, टचुबवेल, शौचालय, भान्सा बनाउने योजना छ । पर्सामा निधि आवास कार्यक्रम अन्तर्गत ५६ वटा घर बनाउने सम्झौता भएको छ । हालसम्म पाँचवटा घर बनेका छन् । सम्झौता अनुसार ५६ वटा घर बनाउन तीन करोड रकम आवश्यक पर्छ । तर प्रदेश सरकारले जम्मा ९७ लाख पठाएकोले यो योजना पनि बिस्तारै अलपत्र बन्ने कर्मचारीहरूले बताउन थालेका छन् ।

## पर्सामा व्यावसायिक कटहर र सजिवनको खेती

ओमप्रकाश चौधरी, सेढवा, २८ जेठ/

युवा उद्यमी शेखर चौधरीले अहिले जीराभवानी गाउँपालिका–३ जीतपुरमा व्यावसायिकरूपमा कटहर र सजिवनको खेती शुरू गरेका छन् ।


जीराभवानी गापा–३ जीतपुरमा सजिवन र कटहर खेतीको लागि वृक्षारोपण गर्दै । तस्वीरः प्रतीक

भारतको पश्चिम बङ्गालबाट बेमौसमी तरकारीको रूपमा पर्सालगायत नेपालमा कटहर आयात हुँदै आएको र त्यसबाट देशको पैसा विदेशमा जाने गरेकोमा अहिले कटहरखेती पर्सा जिल्लामैं शुरू गरिएको युवा उद्यमी चौधरीले बताए । उनले अहिले कटहरका ५०० रूख रोपिसकेको र थप रोप्ने योजनामा रहेको बताए । कटहरखेती मुख्यतः सात महीनाभित्रमा तयारी हुने गर्छ ।

युवा उद्यमी चौधरीले वर्षमा चारपटक कटहर उत्पादन हुने र त्यसबाट मनग्य आम्दानी हुने बताए । प्रतिबोट वार्षिक ५०–६० वटासम्म कटहर उत्पादन हुने र मौसम र बेमौसम अनुसार त्यसको बिक्री गर्ने उनले बताए । कटहरसँगै चौधरीले सजिवनखेती पनि शुरू गरेका छन् । अढाई बिघा जमीनमा कटहरसँगै उनले सजिवनका एक हजार बिरुवा रोपेको र थप एक हजार रोप्ने क्रममा रहेको बताए ।

उनले सजिवन र कटहर खेती मधेस प्रदेशमैं व्यावसायिकरूपमा पहिलोपटक शुरू गरेको दाबी गरे । कटहरभन्दा सजिवनखेतीबाट बढी फाइदा हुने उनले आशा गरेका छन् । वार्षिकरूपमा तीनपटक सजिवन उत्पादन हुने र प्रतिबोट वार्षिक ५० किलोसम्म सजिवन उत्पादन गर्ने लक्ष्य रहेको उनले बताए । आगामी असोज, कात्तिकदेखि अहिले रोपिएको सजिवन उत्पादनलायक हुने र मङ्सिरमा कटहरको पनि उत्पादन हुने उनले बताए ।

कटहर र सजिवन खेतीका लागि उनले अढाई बिघा जग्गामा उनले तारबार लगाएका छन् । सजिवन र कटहरको लागि आवश्यक सिंचाइको लागि डीप बोरिङ र नौ प्यानलको सोलार जडान गरेका छन् । अहिले सातजनाले रोजगार पाएको र यसलाई विस्तार गर्दै रोजगारमा पनि वृद्धि गर्ने उनले बताए । युवा उद्यमी चौधरीले सजिवनसँगै त्यसको पात र लस्सा पनि बिक्री हुने बताए । सुखेको पात रु २५०० किलो र लस्सा पनि रु २५०० मा बिक्री हुने हुँदा सजिवनसँगै थप दुई थरी आम्दानी हुने हुँदा यो खेती फाइदाजनक हुने उनले विश्वास व्यक्त गरे ।

आधा दशकदेखि यो खेतीको लागि गृहकार्य गरेको र अहिले त्यसलाई मूर्तरूप दिएको उनले बताए । सजिवन र कटहर हाइब्रिड जातिको भएपनि त्यसलाई आधुनिकीकरण गरेर कम्पोस्ट मलबाट अर्गानिक उत्पादनतर्फ आफूले जोड दिएको बताए । उनले कटहर र सजिवनमा रासायनिक मल प्रयोग नगर्ने तर रूख जोगाउनको लागि कीटनाशक औषधिको प्रयोग गर्नुपर्ने बताए । कीराबाट यो खेतीलाई बढी क्षति हुने हुँदा कीटनाशक औषधि प्रयोग गरे पनि रासायनिक मल प्रयोग नगर्ने उनले बताए । प्रारम्भमा रु १५ लाखको लगानीबाट व्यवसाय शुरू गरेको र यसमा थप रु २० लाख लगाउने योजना रहेको उनले बताए ।

चौधरीले ठाकुर राम बहुमुखी क्याम्पसबाट व्यवस्थापनमा स्नातकोत्तर गरेका छन् । उनी वीरगंज जेसीजका पूर्वअध्यक्ष हुन् र ३१ वर्षदेखि होटल व्यवसाय तथा १७ वर्षदेखि विद्यालय सञ्चालन गर्दै आएका छन् ।

होटल र शिक्षामा दुवैमा सफलता पाएपछि अहिले कृषितर्फ आकर्षित भएको उनले बताए । उनी आफैं पनि सजिवन र कटहर खेतीको लागि गोडमेल गर्ने, रोप्ने जस्ता कार्यमा संलग्न छन् ।

## बाराको नकटुवामा खानेपानीको हाराहार


तस्वीरः प्रतीक

नितेश कर्ण, वीरगंज, २८ जेठ/

बाराको प्रसौनी गाउँपालिका–१ नकटुवामा खानेपानीको हाहाकार मचिएको छ ।

स्थानीय तहले खानेपानीको पाइप भएकै ठाउँमा नाला निर्माण गर्न थालेपछि नकटुवाका पाँच सय परिवारलाई पानीको समस्या भएको छ ।

सो टोलमा चैत महीनादेखि नै चापाकल सुकिसकेको छ । खानेपानीको पाइप भएकै ठाउँमा नाला निर्माण हुन थालेपछि खानेपानी संस्थानले वितरण गर्ने पानी रोकिएको स्थानीयले बताएका छन् ।

सो टोलका ५०० परिवारका लागि गापाले बिहान र बेलुका एक/एक टचाङ्कर खानेपानी वितरण गर्ने गरेको स्थानीयले बताए । जसले गर्दा खाना पकाउन, नुहाउन, लुगा धुन निकै समस्या हुने गरेको छ ।

प्रसौनी खानेपानी आयोजनाका प्रमुख सञ्जय सिंहले भने विद्युत् अवरोधका कारण खानेपानी वितरणमा समस्या भएको बताएका छन् ।

## वन र वडा कार्यालयबीच जग्गासम्बन्धी विवाद

नरेश यादव, पर्सागढी, २९ जेठ/

पर्सागढी नगरपालिका–३ वडा कार्यालयले तीन कट्ठा ऐलानी जग्गामा पर्खाल घेरी वृक्षारोपण गरी बिरुवा संरक्षण गरिरहेकोमा जिल्ला वन कार्यालय, पर्साले रोक लगाएको छ ।


तस्वीरः प्रतीक

वडासदस्य रामजीव खाँ थारूले वडा कार्यालयले ऐलानी जग्गा अतिक्रमण हुन नदिन छेकबार लगाइ वृक्षारोपण गरेकोमा वन कार्यालयले यस्तो कार्यमा रोक लगाएको बताए ।

उनले वन कार्यालयले वनको जग्गा अतिक्रमण गरी बनाइएका घरटहरा हटाउनुपर्नेमा उल्टै वडा कार्यालयले ऐलानी जग्गा संरक्षण गरेकोमा वन कार्यालयले आपत्ति जनाएको बताए । उनले उक्त ऐलानी जग्गा वन क्षेत्रमा नपर्ने दाबी गरे ।

यस सम्बन्धमा जिल्ला वन कार्यालय, पर्साका प्रमुख सुनीलकुमार कर्णले जिल्ला वनको क्षेत्रनजीकै सो जग्गा रहेको र सो जग्गा ऐलानी रहेकोबारे आफू स्पष्ट नभएको बताए । उनले आजभोलिमा सो जग्गा नापी गराइ यदि ऐलानी जग्गा हो भने वनले कुनै अवरोध नगर्ने बताए । तर यदि उक्त जग्गा वनको भएमा वडा कार्यालयले गर्ने निर्माण कार्यमा अवरोध गर्ने बताए । उनले सो क्षेत्रमा वनको जग्गा अतिक्रमण गरेर निर्माण गरिएका घरटहरा हटाउने बताए ।

### विचारसार र सुक्तिहरू

जसले विश्वास गर्छ, उसले राम्रो पाउँछ, जो धैर्यशील छ, उसले अझ राम्रो पाउँछ, सबभन्दा राम्रो उसले पाउँछ जो लागिरहन्छ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com

# सबैको आँखामा ठोरी नाका

हुलाकी सडक निर्माण भएपछि पर्साको दुर्गम क्षेत्रमा गणना हुँदै आएको ठोरी गाउँपालिकामा आन्तरिक तथा बाह्य (भारतीय) पर्यटकहरूको चहलपहल बढेको छ। पर्साको सदरमुकाम वीरगंजदेखि करीब ६४ किलोमिटरको दूरीमा रहेको ठोरी गापा सडकसेवा विस्तारपछि नजीकिएको छ। कुनै बखत रात्रि बसाइ गरेर फर्कनुपर्ने ठोरी पुग्न अहिले सवा घण्टा समय लाग्छ। बिहान गएर दिनभरि घुमफिर गरेर साँझसम्म आरामले फर्कन सकिन्छ। त्यसैले गर्दा हेटौंडाको शहीद स्मारक, त्रिखण्डी, भैंस र रौतहटको नूनथर र सर्लाहीको भरत तालभन्दा बढी वीरगंज, कलैया, जीतपुर, सिमराका मानिसहरू ठोरी जाने थालेका छन्। ठोरीलाई मधेस प्रदेशको पहिलो पर्यटन गन्तव्य बनाउनका लागि मधेस प्रदेशका पहिलो मुख्यमन्त्री लालबाबू राउत गद्दीले ठोरीमा प्रदेश मन्त्रिपरिषद्को बैठक गरेर रु १० करोड सहयोगको घोषणा गरेका थिए। प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको सो निर्णय यद्यपि अहिलेसम्म कार्यान्वयन भने भएको छैन। मधेस प्रदेशको पहिलो पर्यटन क्षेत्र घोषणा भयो र सहयोग राशि पनि तोकियो तर त्यो राशि अहिलेसम्म ठोरीलाई प्राप्त हुन सकेन। ठोरीवासीहरू आफ्नो क्षेत्रको समृद्धि चाहन्छन्। यसका लागि उनीहरूले सङ्घीयता घोषणा भएर पहिलो प्रदेश सरकार गठन भए लगत्तै ठोरीलाई बाग्मती प्रदेशमा गाभ्नका लागि पहल गरेका थिए।

मधेस आन्दोलनमा ठोरी नाका निकै चर्चामा आएको थियो। प्रमुख नाका वीरगंज बन्द हुँदा करीब नौ महीना ठोरी नाकाबाट अवैध कारोबार फस्टाएको थियो। भन्सार नभएको कारण राज्यले पनि नागरिकहरूलाई आवश्यक पेट्रोलियम पदार्थ, खाद्यान्नहरूको आपूर्ति सोही नाकाबाट गर्न लगाएको थियो। मधेस आन्दोलन र नाकाबन्दीपछि ठोरीलाई बाग्मती प्रदेशमा गाभेर वीरगंजको विकल्पमा अर्को नाकाको रूपमा विकास गर्ने सरकारको भित्री तयारी थियो। सोहीअनुरूप ठोरीवासीहरूले आफ्नो क्षेत्रलाई बाग्मती प्रदेशमा गाभिनुपर्ने अडान राखेका थिए। ठोरी गापाले नै यसबारेमा निर्णय गरेर सरकारसँग माग गरेको थियो। तर प्रदेशको सीमाङ्कन तोकिएको अवस्थामा गापाले अन्य प्रदेशमा गाभ्न पाउँ भन्दैमा गाभिन सक्ने संविधानमा व्यवस्था नभएको र सो कुराको मधेस प्रदेश सरकार र पर्सावासीले पनि विरोध गरेपछि मत्थर भएको थियो। ठोरीवासीलाई आकर्षित पार्न त्यसपछि मधेस प्रदेश सरकारले पर्यटनको सम्भावना देखाएर रिझाउने प्रयास गऱ्यो। यो अवधिमा ठोरीसम्म हुलाकी सडकको निर्माण भएको छ र आसपासका मानिसहरू ठोरी घुम्न जाने क्रम बढ्दो छ। सीमापारि भारतबाट ठोरीमा अङ्ग्रेजी नयाँ वर्ष, छठ पूजापछि र अन्य उत्सवहरूमा पिकनिक मनाउन आउने क्रम पुरानो हो।

पर्सेली जनता पनि दुःखसुखमा ठोरी जाने गरेका थिए। तर सडक निर्माणपछि अन्यत्रभन्दा ठोरी पर्सा र बारावासीहरूको लागि पहिलो गन्तव्य भएको छ। अहिले ठोरीसँग जोडिएको भरतपुर महानगरपालिकाले सन् २०२४ लाई पर्यटन वर्षको रूपमा मनाउँदैछ। यही क्रममा ठोरी नाका भएर भारतीय पर्यटकहरूलाई भित्र्याउने उसको मनसाय छ। वीरगंज नाका भएर भारतीय पर्यटकहरू चितवन जाँदा लामो दूरी पर्छ। नरकटियागंज, भिखनाठोरी, सिकटालगायतका क्षेत्रबाट भारतीय पर्यटकहरू भित्र्याउने लक्ष्यमा पर्सा र चितवन राष्ट्रिय निकुञ्जमा पर्ने सडकको सुधार आवश्यक छ। यसमा पहल भएमा भारतीय पर्यटकहरू ठोरी भएर भरतपुर पुग्ने आधार विकसित हुन सक्छ।

# एसइईपछिको गन्तव्य के ?

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला
Phd
rajendrakoirala20@gmail.com

**केटाकेटीहरूलाई स्थानीय स्कूल/कलेजमैं पढाउनुपर्ने विज्ञहरूको सुझाव छ। ठूला शहरहरूमा बच्चाहरू कुलतमा लागेर भविष्य अँध्यारो पारेको धेरै दृष्टान्तहरू छन्। १६/१७ को उमेर ज्यादै संवेदनशील हुन्छ। गम्भीर भइएन भने परिणाम ज्यादै दुख:दायी हुन सक्छ।**

माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई) को नतीजा सार्वजनिक हुन अब धेरै समय छैन। असारको दोस्रो हप्तासम्म नतीजा सार्वजानिक हुने निश्चित नै छ। यो वर्ष करीब ५ लाखभन्दा केही बढी विद्यार्थीले एसइई परीक्षा दिएका छन्। अभिभावक विद्यार्थीको लागि यो घडी ज्यादै महत्त्वपूर्ण हुने कुरा सर्वविदितै छ। कक्षा ११ र १२ मा ऐच्छिक विषय रोजेर पढ्नेले नै भविष्यमा उच्च शिक्षातर्फ कुन विषय अध्ययन गर्ने भन्ने अवसर पाउँछ। त्यसैले पनि विद्यार्थी र अभिभावक अलि चनाखो हुन आवश्यक रहेको शिक्षाविद्हरू बताउँछन्।

राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गतका ४ हजार १ सय ९७ विद्यालयमा कक्षा ११ र १२ को पढाइ हुन्छ। विद्यार्थी आफ्नो चाहना अनुसार विषय छनोट गरेर सामुदायिक र निजी विद्यालयमा अध्ययन गर्ने अवसर पाउँछन्।

पाठ्यक्रम संरचनामा विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षा, कानून, पत्रकारिताजस्ता विभिन्न विषय छनोट गरेर पढ्ने व्यवस्था मिलाइएको छ। अङ्ग्रेजी, नेपाली र सामाजिक अध्ययन तथा जीवन उपयोगी शिक्षा वा गणित अनिवार्य विषय छन् भने अन्य विषय विद्यार्थीले रोजेर अध्ययन गर्न पाउँछन्। सामुदायिक विद्यालयमा अनिवार्य विषयका पुस्तक सरकारले निश्शुल्क दिने व्यवस्था छ।

कक्षा ११ र १२ मा पढ्ने ऐच्छिक विषयले नै उच्चशिक्षा (स्नातक तथा स्नातकोत्तर) मा इन्जिनीयरिङ, चिकित्सा, विज्ञान, प्रविधि, कृषि/पशुविज्ञान, व्यवस्थापन, मानविकी, कानून, शिक्षा के पढ्ने निक्र्योल गर्छ। कक्षा ११ र १२ को पाठ्यक्रममा विज्ञान, व्यवस्थापन, मानविकी, कानूनलगायत सङ्काय भनेर ठ्याक्कै विषय किटान नगरे पनि ऐच्छिक समूहबाट यी सङ्कायसँग सम्बन्धित विषय विद्यार्थीले छानेर पढ्न सक्छन्।

कक्षा ९–१० पढाइ हुने विद्यालयको सङ्ख्या ११ हजार १ सय ८ भए पनि ११ र १२ पढाइ हुने विद्यालयको सङ्ख्या न्यून भएकोले धेरै विद्यार्थी नयाँ विद्यालयमा भर्ना हुनुपर्ने अवस्था छ। विद्यालय छनोट गर्दा आफूले चाहेको विषय पढाइ हुने वा नहुने विद्यार्थी अभिभावकले भर्ना अघि यकीन गर्नुपर्छ। कक्षा ९–१० मा प्राविधिक धारतर्फ अध्ययन गरेका विद्यार्थीले ११–१२ मा तिनै विषयसँग सम्बन्धित विषय पढ्न पाउने व्यवस्था छ। उच्च शिक्षाको तयारीसँगै स्वरोजगार र रोजगारमा जान चाहनेका लागि कक्षा ११ र १२ को पढाइ निर्णायक खुडकिलो मानिन्छ।

उच्च शिक्षाको तयारीको मुख्य धरातल पनि कक्षा ११ र १२ को पढाइ नै हो। सरकारले माध्यमिक शिक्षा पूरा गरेपछि मुलुकलाई चाहिने प्रारम्भिक स्तरको दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको छ। साधारण र प्राविधिक धारको अध्ययनबाट त्यस्ता जनशक्ति तयार हुने अपेक्षा गरिन्छ। अर्कोतर्फ प्राविधिक तथा व्यावसायिक तालीम परिषद् (सिटिइभिटी) अन्तर्गत प्राविधिक धारतर्फ डिप्लोमा तहको पठनपाठन हुन्छ। प्राविधिक धारतर्फ डिप्लोमा तहको पढाइ गर्ने विद्यार्थीले पनि कक्षा १२ बराबरको समकक्षता पाउने व्यवस्था छ।

सिटिइभिटीमा स्वास्थ्यतर्फ १० वटा विषय अध्ययन गर्न सकिन्छ। त्यस्तै, इन्जिनीयरिङतर्फ भने १३ विषय छन्। तीबाहेक वन/कृषि, टुरिज्म एन्ड हस्पिटालिटीतर्फ कृषि (बाली/कृषि विज्ञान), होटल म्यानेजमेन्ट, सोसियल बर्कर, फूड एन्ड डेरी टेक्नोलोजी र फरेस्ट्री विषय छन्।

### ऐच्छिक विषय कुन रोज्ने ?

**साधारण धारतर्फ–** पहिलो समूह : भौतिक विज्ञान, लेखाविधि, ग्रामीण विकास, विधिशास्त्र/कानूनी सिद्धान्त, स्वास्थ्य तथा शारीरिक शिक्षा, खेलकूद विज्ञान, बालविकास र सिकाइ, मनोविज्ञान, इतिहास, लैंङ्गिक अध्ययन, अतिथि सत्कार व्यवस्थापन, बाली विज्ञान, प्राकृतिक चिकित्सा, मानवमूल्य शिक्षा र मूर्तिकला।

दोस्रो समूह : जीव विज्ञान, शिक्षा विकास, भूगोल, कार्यविधि कानून, समाजशास्त्र, आयुर्वेद, व्यवसाय अध्ययन, भाषा विज्ञान, राजनीतिशास्त्र, दर्शनशास्त्र, जनसङ्ख्या अध्ययन, बागवानी, खाद्य/पोषण, नृत्य र कम्प्युटर विज्ञान

तेस्रो समूह : रसायन विज्ञान, अर्थशास्त्र, पर्यटन/पर्वतारोहण अध्ययन, बजारशास्त्र, बुद्ध्यौली तथा स्याहार शिक्षा, योग, वाद्यवादन, सिलाइ तथा बुनाइ, संवैधानिक कानून, पाककला, संस्कृति, फेसन, डिजाइनिङ, सिनेमा तथा डकुमेन्ट्री, पशु/पन्छी/माछापालन, नेपाली, अङ्ग्रेजी, मैथिली, नेवारी, हिन्दी, चिनियाँ, जर्मन, जापानिज, कोरियन, उर्दू, फ्रेन्ज, हिब्रु, अरेबिक र संस्कृत।

चौथो समूह : गणित, प्रायोगिक/वाणिज्य गणित, पुस्तकालय तथा सूचना विज्ञान, मानव अधिकार, गृह विज्ञान, वातावरण विज्ञान, साधारण कानून, वित्तशास्त्र, सहकारी व्यवस्थापन, बौद्ध अध्ययन, प्रायोगिक कला, गायन, चित्रकला, रेशम खेती/मौरी पालन, सौन्दर्यकला/केशकला, औषधिजन्य जडीबुटी, प्लम्बिङ/वायरिङ, आन्तरिक सजावट, होटल व्यवस्थापन, आमसञ्चार।


### कस्तो विद्यालय छान्ने ?

विद्यालय छनोटमा अभिभावकको ठूलो भूमिका हुन्छ। आफ्नो बच्चाले पढ्न खोजेको विद्यालयमा आफैं गएर सत्य तथ्य बुझ्ने प्रयास गर्नुपर्छ। कसैको बहकावमा आएर विद्यालय छान्दा भविष्यको गन्तव्य र लक्ष्यमा ग्रहण लाग्न सक्छ। कुनै पनि विद्यालय छान्दा त्यसको व्यवस्थापन पक्ष, पढाउने गुरुहरूको दक्षता, विद्यालयको भित्री र बाहिरी वातावरण, अनुशासन साथै शान्ति सुरक्षाका अवस्थाहरू भरपर्दो र दरिलो हुनुपर्दछ।

Cognitive Domain
1956 by Bloom
Knowledge (ज्ञान)
Understanding (बोध)
Application (प्रयोग)
Analysis (विश्लेषण)
Synthesis (संष्ठोषण)
Evaluation (मूल्याङ्कन)

शिक्षकहरू अपरिपक्व, अनुभवहीन र अयोग्य छन् भने त अवस्था झनै खराब हुन सक्छ। तसर्थ, अभिभावक र विद्यार्थीले शुरूमैं शिक्षकदेखि कलेज सञ्चालकसम्मको योग्यता र पृष्ठभूमि हेर्नुपर्ने जानकारहरू बताउँछन्। उनीहरूका अनुसार लामो समय शैक्षिक क्षेत्रमा लागेकाहरूले चलाएको र व्यवस्थापन चुस्त र प्लस टु बढी भरपर्दा हुन्छन्। शिक्षाविद् मनु वाग्ले प्लस टु छान्नुपूर्व सञ्चालक र शिक्षकको टीमबारे राम्ररी बुझ्नुपर्ने बताउँछन्। परीक्षामा राम्रो नतीजा ल्याउने होडले प्लस टुहरूको पढाइमा सिर्जनशीलता हराउँदै गएको छ। अधिकांश प्लस टुले पढाइलाई परीक्षा केन्द्रित बनाउँदा यस्तो समस्या देखिएको शिक्षाविद्हरू बताउँछन्। विषयवस्तुको गहिरो ज्ञान दिनेभन्दा नोट घोकाउने, गेसपेपर पढ्न लगाउने विकृति भित्रिएको छ। शिक्षाविद् केदारभक्त माथेमा सञ्चालकहरूको दबाबमा परेका शिक्षकहरूले पढाइलाई सिकाइ केन्द्रित नभई परीक्षा केन्द्रित बनाएको बताउँछन्। "विद्यार्थीमा विश्लेषणात्मक कौशल र अरूको भनाइ खण्डन गर्ने क्षमता विकास भएको देखिएन" माथेमाको मूल्याङ्कन छ– "जबकि, राम्रो शैक्षिक संस्थाले विद्यार्थीलाई जिज्ञासु र तार्किक बनाउँछ।"

धेरै विषयका शिक्षकहरुलाई ब्लुम्स टेक्नोलोजीबारे जानकारी नै नभएको अवस्था छ। शिक्षा क्षेत्रमा लागेका प्रत्येकलाई यसबारे जानकारी हुनु जरुरी हुन्छ। यसको एउटा इमेज




हो, अभिभावक तथा विद्यार्थीहरूले कुनै पनि स्कूल/कलेजमा भर्ना हुनुभन्दा अघि यी माथि उल्लिखित विषयहरूबारे सम्बन्धित निकायमा जानकारी छ कि छैन बुझ्नु जरुरी छ। पढनु, घोक्नु बेग्लै कुरा हो तर विद्यार्थीले पढेको र सिकेको कुरा साधारण जीवनमा अवलम्बन गर्न सकेको छ कि छैन त्यो सबैभन्दा महत्त्वपूर्ण कुरा हो। प्राज्ञिक ज्ञान प्राप्त गरेर मात्र पुग्दैन। उसले अनुशासन, सहनशीलता, धैर्य, समाजीकरण, राष्ट्र र राष्ट्रियता, देशको सार्वभौमिकता, आत्मसम्मान र आफ्नो धर्म र संस्कारलाई अङ्गीकार गर्न सिक्यो कि सिकेन भन्ने कुरा ज्यादै महत्त्वपूर्ण हुन्छ।

अन्त्यमा, +२ सम्म केटाकेटीहरूलाई स्थानीय स्कूल/कलेजमैं पढाउनुपर्ने विज्ञहरूको सुझाव छ। ठूला शहरहरूमा दुई दिनमा बच्चाहरू कुलतमा लागेर आफ्नो भविष्य अँध्यारो पारेको धेरै दृष्टान्तहरू छन्। र यो १६/१७ को उमेर ज्यादै संवेदनशील समय हो। यसलाई गम्भीरतापूर्वक लिइएन भने परिणाम ज्यादै दुख:दायी हुन सक्छ।

# एसइईको नतीजा असार दोस्रो साताभित्र

भक्तपुर, २८ जेठ/रासस

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतीजा असार दोस्रो साताभित्र सार्वजनिक गर्नेगरी काम भइरहेको जनाएको छ।

परीक्षा नियन्त्रक नन्दलाल पौडेलले कार्यालयले तयार पारेको कार्ययोजना अनुसार उत्तरपुस्तिका परीक्षण र अङ्कभार प्रविष्ट गराउने काम सकिएको जानकारी दिए।

उनले कार्ययोजना अनुसार काम भइरहेकाले असार दोस्रो साताभित्र नतीजा सार्वजनिक गर्नेगरी अन्य काम तीव्र गतिमा भइरहेको बताए। "हामीले उत्तरपुस्तिका परीक्षण र अङ्क



तस्वीर: सौजन्य

अभिलेखको काम सकेका छौं। प्राविधिक त्रुटि नदेखिए केही दिन अगाडि नै नतीजा प्रकाशित गर्न र कुनै समस्या भए दोस्रो साताभन्दा पर नजाने गरी काम भइरहेको छ। कर्मचारीका विभिन्न समूह बनाएर काम भइ [redacted] समयमैं नतीजा स [redacted] ले भने। उनले ५ [redacted] केन्द्रमा उत्तरपु [redacted] रिएको जानकारी [redacted]

गत वर्ष असार २४ मा एसइईको नतीजा सार्वजनिक गरेको बोर्डले यस वर्ष १४ दिनअगावै नतीजा सार्वजनिक गर्नेगरी तयारी गरेको भन्दै परीक्षा नियन्त्रक पौडेलले यस वर्ष सैद्धान्तिक र प्रयोगात्मकलाई फरक गरेर नतीजा सार्वजनिक गरिने बताए।

यस वर्षको नतीजामा विद्यार्थीले सैद्धान्तिकतर्फ ७५ अङ्कको परीक्षामा ३५ प्रतिशत अर्थात् २७ अङ्क अनिवार्य ल्याउनैपर्ने अन्यथा फेल भए सरह मानिने बताए।

गत चैत १५ गतेदेखि शुरू भएको यस वर्षको परीक्षामा नियमिततर्फ चार लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार विद्यार्थीले परीक्षा दिएका छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी [redacted] लिफ भवन फोन: ९८४५११९४४८

# ढल्केबर-इनरुवा प्रसारण लाइन निर्माण

काठमाडौं, २८ जेठ/रासस

नेपाल–भारतबीचको विद्युत् व्यापार विस्तारका लागि महत्त्वपूर्ण मानिएको निर्माणाधीन हेटौंडा–ढल्केबर–इनरुवा चार सय केभी प्रसारण लाइन निर्माण सम्पन्न भएको छ। देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण तथा विश्वसनीय बनाउन सो आयोजना निर्माण गरिएको हो।

धनुषाको ढल्केबरबाट सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका–४ इनरुवा सबस्टेशनसम्मको १५४ किलोमिटर चार सय केभी डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न गरिएको छ। प्रसारण लाइनले करीब चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सक्छ। मकवानपुरको हेटौंडा उपमहानगरपालिका–११ स्थित थानाभन्याङस्थित हेटौंडा सबस्टेशनबाट इनरुवा सबस्टेशनसम्म २८८ किलोमिटर प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण शुरू गरिएको थियो। प्रसारण लाइनलाई हेटौंडा–ढल्केबर १३४ किलोमिटर र ढल्केबर–इनरुवा १५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरिएको छ। यसमध्ये ढल्केबर–इनरुवा खण्ड निर्माण सम्पन्न भएको हो। हेटौंडा–ढल्केबर खण्ड निर्माणाधीन छ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ढल्केबर–इनरुवा खण्ड निर्माण सम्पन्न हुनु मुलुकको समग्र प्रसारण प्रणालीलाई गुणस्तर तथा विश्वसनीय बनाउन र नेपाल–भारतबीचको विद्युत् व्यापारको परिमाण वृद्धि गर्न महत्त्वपूर्ण उपलब्धि भएको जानकारी दिए। हाल सञ्चालनमा रहेको ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट हुने विद्युत् आयात–निर्यातको परिमाण आठ सय मेगावाट मात्रै छ। अब ढल्केबर–इनरुवा खण्ड निर्माण सम्पन्न भएपछि विद्युत् व्यापारको परिमाण बढाउन सकिन्छ। कोशी करिडोर हुँदै इनरुवा सबस्टेशनमा आएको विद्युत्लाई त्यस क्षेत्रमा खपत गरी अतिरिक्त भएमा ढल्केबर–इनरुवा प्रसारण लाइनमार्फत ढल्केबर ल्याएर भारततर्फ निर्यात गर्न सकिन्छ।

"हाल रहेको १३२ केभी प्रसारण लाइनको क्षमताले विद्युत् भार नधान्दा हिउँदयाममा ढल्केबरबाट इनरुवातर्फ विद्युत् पठाउन समस्या थियो, भार धान्न नसकेर लाइन नै चुँडिने अवस्था थियो, अब चार सय केभी प्रसारण लाइनबाट पर्याप्त विद्युत् पठाउन सकिने हुँदा भोल्टेज सुधार भई मुख्यरूपमा मोरङ–सुनसरी औद्योगिक करिडोरको विद्युत् आपूर्तिमा सुधार हुनेछ," उनले भने।

इनरुवा चार सय केभी सबस्टेशन निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेको छ। सुनसरी–मोरङ औद्योगिक करिडोरसहित त्यस क्षेत्रको समग्र विद्युत् आपूर्ति सुधारका लागि हाल सञ्चालनमा रहेको इनरुवा–दुहबी १३२ केभी प्रसारण लाइनको पुरानो कन्डक्टरलाई बदलेर उच्च क्षमता (एचटिएलएस)को राख्ने प्रक्रिया शुरू भइसकेको छ। यसबाट हालको करीब दुई सय मेगावाट विद्युत् प्रवाह गर्न सक्ने उक्त प्रसारण लाइनको क्षमता वृद्धि भई झन्डै दोब्बर हुनेछ। इनरुवाबाट बर्जुसम्म १३२ केभी प्रसारण लाइन र बर्जुमा १३२ केभी सबस्टेशन निर्माणाधीन छ।

इनरुवा सबस्टेशनबाट भारतसँगको विद्युत् व्यापारका लागि इनरुवा–पूर्णिया र नेपाल, भारत तथा बङ्गलादेशबीचको व्यापारका लागि इनरुवा–अनारमनी चार सय केभी प्रसारण लाइन प्रस्ताव गरिएको छ। इनरुवा–अनारमनी प्रसारण लाइनमा कोरियाली निर्यात आयात (एक्जिम) बैंकले सहुलियतपूर्ण ऋण उपलब्ध गराउँदैछ। ढल्केबर–इनरुवा खण्ड प्रसारण लाइनमा ४१७ वटा टावर निर्माण गरिएका छन्। प्रसारण लाइनलाई सप्तकोशी पार गराउन नदीमा ११ वटा टावर निर्माण गरिएका छन्। कोशी नदीमा पर्ने पाँच किलोमिटर प्रसारण लाइनका लागि २४–३२ मिटर गहिरो पाइल जग (फाउन्डेशन) हालिएको छ। एउटा टावरमा १६ पाइल फाउन्डेशन गरिएका छन्। दुई वर्षअघि कोशी नदीमा आएको बाढीले खडा गरिएको एउटा टावर नै बगाइदिएपछि प्रसारण लाइन निर्माण जटिल बनेको थियो।

कोरोना महामारी, कोशीको बाढी, प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयको अवरोध, सर्वोच्च अदालतको अन्तरिम आदेश, वन क्षेत्रको जग्गा प्रयोग तथा रूख कटान स्वीकृतिको प्रक्रियागत उल्झनलगायत कारणले निर्माण प्रभावित भएको आयोजना निर्देशक श्यामकुमार यादवले बताए। उनले सिराहाको लाइन क्षेत्रमा अदालतको अन्तरिम आदेशका कारण चार वर्ष काम रोकिएको र आयोजनाको तीनपटक प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) गर्नुपरेको उल्लेख गरे।

उनले ढल्केबर–इनरुवा खण्ड निर्माण सम्पन्न भएकाले सम्पूर्ण जनशक्ति ढल्केबर–हेटौंडा खण्ड निर्माण गर्न परिचालन गरिने बताए। अहिले ढल्केबरबाट हेटौंडातर्फ प्रसारण लाइनको तार तान्ने काम भइरहेको छ। हालसम्म ४५ किलोमिटर तार तानिएको छ।

हेटौंडा उपमहानगरपालिका–१५, १६ तथा १७ स्थित हटिया क्षेत्रका केही स्थानीयले प्रसारण लाइनको रूट सार्न माग गर्दै करीब सात वर्षदेखि निर्माणमा अवरोध गरिरहेका छन्। हटिया क्षेत्रमा १४ र हेटौंडा–११ थानाभन्याङमा दुईवटा गरी १६ टावर निर्माण गर्न बाँकी छन्। हेटौंडा–ढल्केबर–इनरुवा प्रसारण लाइन आयोजना पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्छ। प्रसारण लाइन मकवानपुर, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, उदयपुर र सुनसरी गरी १० जिल्लामा पर्छ। ३० महीनामा निर्माण सम्पन्न गर्नेगरी २०६९ माघमा ठेक्का सम्झौता भएको थियो। हेटौंडा–ढल्केबर–इनरुवा ४४० केभी प्रसारण लाइन विद्यमान १३२ केभी प्रसारण लाइन र पूर्व–पश्चिम राजमार्गको नजीक र प्रायः समानान्तर छ।

प्रसारण लाइनको मार्गाधिकार क्षेत्र प्रसारण लाइनको केन्द्रबिन्दुबाट दायाँबायाँ २३/२३ मिटर छ। आयोजनाले ५१८ हेक्टर वन क्षेत्रमा रहेका रूख काट्नुपर्ने र ३० हेक्टर निजी कृषियोग्य जमीन अधिग्रहण गर्नुपर्नेछ। मार्गाधिकारमा ४७५ हेक्टर निजी जग्गा र १७१ घर तथा अन्य संरचना प्रभावित हुनेछन्। यसमध्ये ढल्केबर–इनरुवा खण्डमा मार्गाधिकारको क्षतिपूर्तिमा मात्र करीब रु पाँच अर्ब खर्च भएको छ। १७ करोड अमेरिकी डलर अनुमानित लागत रहेको आयोजना नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल–भारत विद्युत् प्रसारण तथा व्यापार परियोजना अन्तर्गत शुरू गरिएको हो। विश्व बैंकको ऋण अवधि सकिएपछि बाँकी काम हाल सरकार र प्राधिकरणको लगानीमा भइरहेको छ।

# प्रधानमन्त्री प्रचण्ड र भारतका प्रधानमन्त्री मोदीबीच भेटवार्ता

काठमाडौं, २८ जेठ/रासस

भारतको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाद प्रचण्ड र उनका समकक्षी नरेन्द्र मोदीबीच भेटवार्ता भएको छ। आइतवार बेलुका भएको भेटमा प्रधानमन्त्रीले लगातार तेस्रो कार्यकालका लागि भारतको प्रधानमन्त्रीको पदभार ग्रहण गरेकामा समकक्षी मोदीलाई बधाई दिंदै उनको कार्यकालमा नेपाल–भारत सम्बन्ध थप उचाइमा पुग्ने विश्वास व्यक्त गरे।

भेटमा उनीहरूबीच नेपाल–भारतबीच विद्यमान सम्बन्ध र द्विपक्षीय हितका विविध विषयमा छलफल भएको थियो। सो अवसरमा उनीहरूबीच विगतमा भएका समझदारी एवं सम्झौताहरूको कार्यान्वयनबारे छलफल भएको थियो।

प्रधानमन्त्री प्रचण्ड आइतवार साँझ प्रधानमन्त्री मोदीको शपथग्रहण समारोहमा सहभागी भएका थिए। उनी आइतवार नै भारतको नयाँ दिल्ली प्रस्थान गरेका थिए। प्रधानमन्त्री प्रचण्डका साथमा उनकी सुपुत्री गङ्गा प्रचण्ड, कानून, न्याय तथा संसदीय मामिलामन्त्री पद्म गिरी, परराष्ट्र सचिव सेवा लम्साललगायत उच्चपदस्थ सरकारी अधिकारी छन्। प्रधानमन्त्री प्रचण्ड सोमवार साँझ स्वदेश फर्किएका छन्।

**भारतका राष्ट्रपतिसँग प्रधानमन्त्री प्रचण्डको शिष्टाचार भेट**

प्रधानमन्त्री प्रचण्डले राष्ट्रपति द्रौपदी मुर्मूसँग शिष्टाचार भेट गरेका छन्। नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा प्रधानमन्त्री प्रचण्डले राष्ट्रपति मुर्मूसँग आज भेट गरेका हुन्।

सो अवसरमा राष्ट्रपति मुर्मू र प्रधानमन्त्री प्रचण्डबीच नेपाल–भारतबीच सदियौंदेखि रहिआएको आपसी सम्बन्ध र द्विपक्षीय हितका विविध विषयमा छलफल भएको थियो। त्यसैगरी, उनीहरूबीच दुई देशबीचका जनतामाझको परम्परागत सम्बन्धलाई थप प्रगाढ तुल्याउने विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

प्रधानमन्त्री प्रचण्ड भारतका राष्ट्रपति मुर्मूले आयोजना गरेको रात्रिभोजमा पनि सहभागी भएका थिए।

**प्रधानमन्त्री प्रचण्डसँग भारतीय सङ्घीयमन्त्री जयशङ्करको भेटवार्ता**

प्रधानमन्त्री प्रचण्डसँग भारतका नवनियुक्त सङ्घीयमन्त्री एस जयशङ्करले शिष्टाचार भेट गरेका छन्।



प्रधानमन्त्री प्रचण्ड र प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्दै। तस्वीरः रासस

प्रधानमन्त्री प्रचण्ड बसेको होटल ताजमा आज भएको भेटमा उनीहरूबीच द्विपक्षीय सम्बन्ध, आपसी सहयोग र विगतमा भएका सम्झौता एवं समझदारी कार्यान्वयनका विषयमा छलफल भएको नयाँ दिल्लीस्थित नेपाली दूतावासले जनाएको छ।

सो अवसरमा प्रधानमन्त्री प्रचण्डले भारतको मन्त्री पदमा नियुक्त भएकामा जयशङ्करलाई हार्दिक बधाई एवं कार्यकालको शुभकामना दिए। उनले आगामी दिनमा दुई देशबीच रहिआएको आपसी एवं जनस्तरको सम्बन्ध थप प्रगाढ हुँदै जाने विश्वास व्यक्त गरे।

त्यसैगरी, मन्त्री जयशङ्करले दुई देशबीच भएका सम्झौता एवं समझदारी कार्यान्वयनमा भारत सरकार गम्भीरतापूर्वक लागेको र सन्तोषजनक प्रगति भइरहेको जानकारी गराएका थिए।

**प्रधानमन्त्री प्रचण्डसँग भारतीय व्यवसायीको भेट**

प्रधानमन्त्री प्रचण्डसँग त्यहाँको 'फेडेरेशन अफ इन्डिया च्याम्बर्स अफ कमर्स एन्ड इन्डस्ट्री' (फिक्की)को प्रतिनिधिमण्डलले भेटवार्ता गरेको छ।

प्रधानमन्त्री प्रचण्ड बसेको होटल ताजमा आज भएको उक्त भेटमा नेपालमा लगानीको सम्भावना एवं लगानीका क्षेत्रका विषयमा प्रधानमन्त्री प्रचण्ड र फिक्कीका पदाधिकारीले छलफल गरेका हुन्। सो अवसरमा प्रधानमन्त्री प्रचण्डले नेपाल भारतीय लगानीकर्ताका लागि उपयुक्त देश भएको उल्लेख गर्दै पर्यटन, ऊर्जा, कृषिलगायतका क्षेत्रमा लगानी गर्न आग्रह गरे। उनले काठमाडौंमा सम्पन्न तेस्रो लगानी सम्मेलनका क्रममा नेपालले कानूनी संरचनालाई व्यापक सुधार गरेर लगानीका लागि उपयुक्त वातावरण सिर्जना गरेको बताए।

"लगानी सम्मेलनका क्रममा हामीले विभिन्न कानून अध्यादेशबाट संशोधन गरेका छौं, त्यसले लगानीका क्षेत्रमा संरचनागत एवं संस्थागत सुधार भएको छ," प्रधानमन्त्री प्रचण्डले भने, "लगानीका लागि उपयुक्त वातावरण सिर्जना भएको छ, ढुक्क भएर लगानी गर्न आग्रह गर्छु।" उपभोक्ता दृष्टिकोणले पनि नेपाल लगानीका लागि उपयुक्त थलो भएको उनले बताए।

भारत सरकारसँग १० वर्षमा १० हजार मेगावाट विद्युत् बिक्री गर्ने दीर्घकालीन सम्झौता भइसकेको अवस्थामा नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न उपयुक्त हुने सुझाव दिंदै प्रधानमन्त्री प्रचण्डले ठूला जलविद्युत् आयोजना लगानीका लागि तयारी अवस्थामा रहेको जानकारी दिए।

सो अवसरमा फिक्कीका अध्यक्ष डा अनिश शाहले नेपालको ऊर्जा, पर्यटन र सौर्य ऊर्जाका क्षेत्रमा आफू र आफ्ना सदस्यहरू लगानी गर्न इच्छुक रहेको बताए। प्रधानमन्त्री प्रचण्डले लगानीका लागि लिएको तदारूकतालाई आफूहरूले नजीकबाट अध्ययन गरिरहेको उल्लेख गर्दै अध्यक्ष शाहले नेपालमा लगानीका लागि उत्साहित रहेको बताए।

# असार मसान्तसम्म बीमा नवीकरण गराइसक्नुपर्ने

काठमाडौं, २८ जेठ/रासस

स्वास्थ्य बीमा बोर्डले सेवा निरन्तरताका लागि विसं २०८१ असार मसान्तसम्म बीमा नवीकरण गरिसक्नुपर्ने जनाएको छ। बोर्डले सोमवार एक सूचना जारी गर्दै स्वास्थ्य बीमामा विसं २०८० वैशाख १ देखि २०८० असार मसान्तमा आबद्ध नयाँ दर्ता तथा नवीकरण गरी २०८० भदौ १ गतेदेखि सेवा शुरू गरेका बीमितहरूले सेवा निरन्तरताका लागि उक्त अवधिभित्र नवीकरण गरिसक्नुपर्ने जनाएको हो।

नवीकरणका लागि आआफ्नो वडामा रहेका दर्ता सहयोगीका साथै अनलाइनमार्फत गर्न सकिने बोर्डले जनाएको छ। विसं २०८१ साउन १ गतेदेखिको नयाँ दर्ता तथा नवीकरण स्वतः २०८१ मङ्सिर १ देखि क्रियाशील हुने सूचनामा उल्लेख छ।

बोर्डकी सूचना अधिकारी ओमकुमारी कँडेलका अनुसार आजसम्म बीमित जनसङ्ख्या ८० लाख ७९ हजार ७८२ जना छन्। हालसम्म ५० लाख ३८ हजार ८४० जनाले नवीकरण गराएका छन्।

सूचना अधिकारी कँडेलले सेवा लिनेले हरेक वर्ष नवीकरण गराउनैपर्ने बताइन्। उनले भनिन्, "नवीकरण आवश्यक छ। नयाँ दर्ता गराउन चाहनेले आफू बस्ने वडामा गएर स्वास्थ्य बीमा गराउन सक्छन्। प्रत्येक वडामा दर्ता सहयोगी छन्।"



बाग्मती सिंचाइ कार्यालयले नहरमा पानी दिएपछि सर्लाहीमा गर्मी छल्न बच्चाहरू नहरमा नुहाउँदै। तस्वीरः नितेश कर्ण

# विदेशी विनिमय सञ्चिति करीब साढे १९ खर्ब

काठमाडौं, २८ जेठ/रासस

चालू आर्थिक वर्षको वैशाख मसान्तसम्ममा अर्थतन्त्रको बाह्य क्षेत्रमा राम्रो सुधार देखिएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालू आर्थिक वर्ष २०८०/८१ को १० महीनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार एक वर्षभन्दा बढी समयको वस्तु तथा सेवाको आयात धान्ने विनिमय सञ्चिति रहेको देखिएको हो।

विसं २०८० असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २६ दशमलव दुई प्रतिशतले वृद्धि भई गत वैशाख मसान्तमा रु १९ खर्ब ४२ अर्ब ४० करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकोमा २०८१ वैशाख मसान्तमा २४ दशमलव दुई प्रतिशतले वृद्धि भई १४ अर्ब ५४ करोड पुगेको छ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८० असार मसान्तमा रु १३ खर्ब ४५ अर्ब ७८ करोड रहेकोमा २०८१ वैशाख मसान्तमा २८ प्रतिशतले वृद्धि भई रु १७ खर्ब २२ अर्ब दुई करोड पुगेको छ। त्यस्तै, बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा रु एक खर्ब ९३ अर्ब ५९ करोड रहेकोमा २०८१ वैशाख मसान्तसम्ममा १३ दशमलव आठ प्रतिशतले वृद्धि भई रु दुई खर्ब २० अर्ब ३८ करोड कायम भएको छ। गत वैशाख मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव एक प्रतिशत रहेको छ।

राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको १० महीनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १५ दशमलव एक महीनाको वस्तु आयात र १२ दशमलव छ महीनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

गत वैशाख मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३४ प्रतिशत बराबर छ। त्यस्तै, कुल आयातसँगको अनुपात १०५ दशमलव तीन र विस्तृत मुद्राप्रदायसँगको अनुपात २९ दशमलव दुई प्रतिशत रहेको छ।

राष्ट्र बैंकका अनुसार यो अवधिमा शोधनान्तर स्थिति रु तीन खर्ब ९२ अर्ब ६४ करोडले बचतमा रहेको छ। त्यस्तै, गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षको वैशाख मसान्तसम्ममा आयात दुई दशमलव चार, निर्यात तीन दशमलव छ र कुल वस्तु व्यापार घाटा दुई दशमलव तीन प्रतिशतले घटेको छ।

गत वैशाख मसान्तसम्ममा नेपाल सरकारको खर्च रु १० खर्ब ५६ अर्ब ८९ करोड र राजस्व परिचालन रु आठ खर्ब ३१ अर्ब ९३ करोड रहेको छ। यो अवधिसम्मको विस्तृत मुद्राप्रदाय आठ दशमलव एक प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १२ दशमलव चार प्रतिशतले बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ।

## १० महीनामा करीब १२ खर्ब विप्रेषण भित्रियो

काठमाडौं, २८ जेठ/रासस

चालू आर्थिक वर्षको १० महीनासम्म करीब १२ खर्ब विप्रेषण भित्रिएको छ। नेपाल राष्ट्र बैंकले सोमवार सार्वजनिक गरेको वैशाख मसान्तसम्मको विवरण अनुसार सो अवधिमा विप्रेषण आप्रवाह १९ दशमलव दुई प्रतिशतले वृद्धि भएर रु ११ खर्ब ९८ अर्ब ६० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २३ दशमलव चार प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह १७ दशमलव एक प्रतिशतले वृद्धि भई नौ अर्ब दुई करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १३ दशमलव चार प्रतिशतले बढेको थियो।


समीक्षा अवधिमा वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ) लिने नेपालीको सङ्ख्या तीन लाख ७४ हजार ८८७ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या दुई लाख ३७ हजार ८९३ रहेको छ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः चार लाख २१ हजार २७९ र दुई लाख ३८ हजार ९७६ थियो। समीक्षा अवधिमा खुद ट्रान्सफर १७ दशमलव दुई प्रतिशतले वृद्धि भई रु १३ खर्ब एक अर्ब ७२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २२ दशमलव पाँच प्रतिशतले बढेको थियो।

# जीवनका कथैकथा जोडिएका ‘यादहरू’

नारायण ढुङ्गाना
काठमाडौं, २८ जेठ/रासस

डुङ्गाको अस्तित्व पानी र त्यसको बहावसँग जोडिएको हुन्छ तर त्यही डुङ्गालाई विम्ब बनाएर जमीनसँग नाता जोड्ने प्रयत्नमा लागेका छन् कलाकार रवीन्द्र श्रेष्ठ । नयाँ सोच र अवधारणालाई कलामार्फत प्रस्तुत गर्ने खूबी उनमा देखिन्छ। गत वर्षको राष्ट्रिय कला प्रदर्शनीमा ‘डुङ्गा चियाघर’ शीर्षकमा आफ्नो सृजना प्रस्तुत गरेर वाहवाही कमाएका श्रेष्ठले यस वर्ष पनि डुङ्गालाई नै आधार बनाएर फरक स्वरूपमा नौलो अनुभूति पस्किएका छन्।






नारायणी, राप्ती, कोशीजस्ता ठूला नदीमा मानिस बोकेर बग्दाको स्मरण अनि काठमाडौंकै ठूला पोखरीमा तैरिंदाको स्मृति त्यो डुङ्गासँग हुन्छ। तर यहाँ आउँदाको स्मृति भने त्योभन्दा निकै फरक छ । राष्ट्रिय ललितकला प्रज्ञा प्रतिष्ठानको जारी ‘राष्ट्रिय कला प्रदर्शनी २०८१’मा उनले त्यही पुरानो डुङ्गामा चलनचल्तीमा हराएका पुरानादेखि नयाँ सबै सिक्का भरेर प्रतिस्थापन कलामा रूपान्तरण गरी ‘यादहरू’ शीर्षकमा कथैकथाका पोका खोलिदिएका छन्।

उनले यहाँ नेपाली इतिहासका सबै खाले सिक्का ल्याउन जमर्को गरेका छन्। परिवर्तित समयसँगै कुनै बेलाका दैनिक प्रचलनमा रहेका सिक्काहरू हराए तर ती केवल सिक्काहरू मात्र थिएनन्, ती सिक्काहरूसँग मानिसको समय, सभ्यता, संस्कृति र विविधखाले गहिरा यादहरू पनि जोडिएका छन् । यो पैसा, पैसा मात्रै रहने, त्यसमा हरेक नागरिकका आआफ्ना कथा जोडिएका छन्। पैसा देख्ने बित्तिकै बालापनका यादहरू झल्किन्छ। रुँदाखेरि आमाबुबाबाट प्राप्त पाँच पैसामा फुलिन्थ्यो । सिक्का लङ्गुरबुर्जा खेल्न, चङ्गा उठाउन, मिठाइ खान, कापी, किताब किन्नलगायतमा प्रयोग गर्दा फुरुङ्ग होइन्थ्यो । यहाँको प्रदर्शनी देख्नेबित्तिकै ती यादहरू स्मृतिमा फर्किन्छन् । “यसमा मान्छेले आफैंलाई जोड्न सक्छ, पुराना यादहरू स्मृतिमा ल्याइदिन्छ,” कलाकार श्रेष्ठ भन्छन्, “अर्को भाषा, धर्म, संस्कृतिसँग पनि जोडिन्छ। पैसा लुगामा बुनेर लगाइन्छ, देवीदेवताका मालामा उनिन्छ, कतै पूजाआजामा प्रयोग हुन्छ। नागमा टाँसेर राखिन्छ।”

पैसामा समय अनुसारका भाषा प्रयोग गरिएकाले पनि भाषा, संस्कृतिलाई झल्काइदिने हुँदा हरेक यादहरू जोडिने उनी बताउँछन् । डिजिटल जमानामा प्रत्यक्ष पैसाबाटै हुने कारोबार हराइसक्यो। नयाँ पुस्ताले पैसा देखिरहेको वा छुन पाइरहेको छैन। अन्य कलाहरू छुन पाइँदैन तर यहाँ भने पैसा छुन पाइने अवसर प्राप्त छ । “मेरो यो कलामा अर्को पुस्ताले पैसालाई प्रत्यक्ष छोओस्, पैसासँग खेलोस् र यादहरू सँगालोस् भन्ने हो, त्यो अवसर मिलिरहेको छ, पैसा अञ्जुलीमा लिएर पानीझैं खन्याउँदै, सेल्फीमा खेलिरहेका पाउँदा उद्देश्य पूरा भएको महसूस भएको छ,” कलाकार श्रेष्ठले अनुभव सुनाए।

उनी कला हेर्न आएका कला पारखी १० जनाले १० थरी अर्थ लगाइरहेका देख्छन् । कला अवलोकनमा आएकी सांसद जयन्तीदेवी राईले त डुङ्गामा पैसा र पात चढाएर ढोगिन् । राष्ट्रियसभा विधायन व्यवस्थापन समितिकी सभापति उनले अनि आफ्नो विगत समयलाई सम्झिइन् ।

यहाँ कसैले बालापनको याद गर्छन्। कसैका मानसपटलमा पैसाप्राप्तिका लागि गरेका सङ्घर्ष झल्किदिन्छ। देख्ने बित्तिकै फरकफरक कथाहरू जोडिएर आउँछन्। पानीमा रहने डुङ्गाले यहाँ मान्छेको सट्टामा पैसा बोकेर थुप्रै कुरा र कथा भनिरहेको छ । अहिलेको डिजिटल दुनियाँमा यी नेपाली सिक्काहरू र यससँग जोडिएका कथाहरू एकै ठाउँमा देख्न सकियोस् भन्ने नै प्रदर्शनीको मूल उद्देश्य हो भन्छन् कलाकार श्रेष्ठ ।

उनले दुर्लभ सिक्काहरूलाई डुङ्गामार्फत प्रस्तुत गरेका छन्। डुङ्गालाई यहाँ एउटा रूपकमा प्रयोग गरिएको छ। यसले सिक्कासँग जोडिएका यी तमाम कुराहरूलाई एक ठाउँबाट अर्को ठाउँ, एक पुस्ताबाट अर्को पुस्तासम्म पुऱ्याइरहनेछ। यहाँ अल्मुनियमका साथै सय वर्ष पुराना चाँदी, तामालगायतका सिक्काहरू छन्। डुङ्गा भने दोलालघाटबाट ल्याइएको हो । यसरी प्रस्तुत गर्नुको कारणबारे कलाकार श्रेष्ठ भन्छन्, “एकै ठाउँमा सिक्काहरू आफ्नै आँखाले देख्न र छुन सकून्, जुन हाम्रो समय, सभ्यता, धर्म, संस्कृति र विविध गहिरा यादहरू पनि हुन् भन्ने लाग्यो ।”

कला अवलोकनपछि मदन पुरस्कार विजेता साहित्यकार अमर न्यौपाने कलाकारले दिमागको बत्ती बालिदिने र यो कलामा कलाकार श्रेष्ठले हृदयमा बत्ती बालिदिएको उल्लेख गर्छन्। पैसा स्पर्श गर्दै न्यौपानेले भने, “यो डुङ्गामा राखेको पैसा, पैसा मात्रै होइन, यसले इतिहास, समाज बताइरहेको छ। थुप्रै हातहरूको स्पर्शलाई बोकेर बाँचिरहेको छ। एउटा पैसामा थुप्रै कथाहरू छन्। यहाँ जति पैसाहरू छन्, सबै कथैकथाको थुप्रो जस्तो लागिरहेको छ।”

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा जारी कला प्रदर्शनीमा ४८२ कलाकारका ५२२ कला कृति छन् । त्यसमध्ये वास्तुकला तथा अन्य सृजनात्मक (बहुआयामिक) कला विधा अन्तर्गत छवि कलाका ३३, प्रतिस्थापन कलाका सात, कार्टुनका १२, क्यारिकेचरका तीन, डिजिटलका एक, भिडियो आर्टका एक, भावभङ्गिका दुई कलाकृति छन् । त्यसमध्ये प्रतिस्थापन कलामा बाग्मतीबाट उनको यो सृजनाले प्रादेशिक ललितकला विधागत पुरस्कार प्राप्त गरेको छ।

यहाँ सय वर्षभन्दा पुराना नेपाली सिक्कादेखि २०५४ सालसम्मका विभिन्न सिक्काहरू (बुलेट सिक्का) चाँदी, तामाको र बढी मात्रामा अल्मुनियमका करिब ८० किलो सिक्का राखिएको छ । प्रदर्शनीमा कला देख्ने बित्तिकै एउटै प्रश्न आउँछ, “आम्मै, यति धेरै सिक्का कहाँबाट आए ?, कसरी र कहिलेदेखि जम्मा गरेको ? यो डुङ्गा कहाँदेखि ल्याउनुभयो ?”

प्रश्नले झन् उत्सुक कलाकार श्रेष्ठ जवाफ दिन झिंजो मान्दैनन् । “डुङ्गा दोलालघाटस्थित कोशी नदीबाट ल्याइएको हो । सिक्काहरू २०६८/६९ सालदेखि विभिन्न मन्दिर र केही किनबेच गर्ने ठाउँबाट किनेर जम्मा गर्न थालेको हुँ, अहिलेसम्म ८० किलो भएको छ,” आगन्तुकका जिज्ञासा मेटाउँदै भन्छन्।

**डुङ्गा ल्याउँदाको दुःख**

उनीसँग डुङ्गा ल्याउँदाको कहानी छुट्टै छ । डुङ्गा खोज्ने र ल्याउने क्रममा तीनपटक दोलालघाट पुगे। पहिलोपटक डुङ्गा देख्दा कोही थिएन। पानीमा हावाको लयमा हल्लिरहेको एउटा डुङ्गा देखे । लाग्यो ऊ पानीसँग खेलिरहेको छ । “पानीबाट कसरी छुटाएर ल्याऊँ” उनको मनमा सोच पलायो । श्रेष्ठ दोधारमा परे । डुङ्गालाई यहाँबाट निकालेर लग्नु के ठीक थियो त ? यिनको ठाउँ त यो पो हो त। यसको सम्बन्ध त पानीसँग पो छ । अब यो काम गर्ने वा नगर्ने सोच्दासोच्दै केही दिन बिते ।

नयाँ प्रविधि फाइबरलगायतका डुङ्गाका कारण काठका डुङ्गा हराउँदै गएको थाहा पाएपछि बल्ल उनी डुङ्गा ल्याएर प्रदर्शनीमा राख्दा राम्रै हुने निर्णयमा पुगे । उनलाई धेरैले स्पर्श गरिसकेको पुरानो डुङ्गा चाहिएको थियो। डुङ्गा खोज्ने क्रममा त्यहाँका रामबहादुर माझी साथी बने । धेरै चहार्दा कहीं नपाएपछि उही रामबहादुरसँगै भएको डुङ्गा रु ४० हजारमा किनेर ल्याए । डुङ्गा ल्याउँदा ठाउँठाउँमा प्रहरीले दिएको दुःख, काटेको चिट उनले अनुभवमा सँगालेका छन् ।

प्रदर्शनीको छेउमा उनले लेखेका छन्, “यहाँबाट कुनै सिक्का ननिकाल्नुहोला, बरु आफ्नो कलेक्सनमा रहेको तर यहाँ नभएका सिक्काहरू इच्छा अनुसार दान गर्न सक्नुहुन्छ । इच्छा अनुसार अर्को प्रदर्शनीमा नाम र फोटो डकुमेन्ट गरिनेछ। यो कला देशभित्र वा बाहिरको कुनै सङ्ग्रहालय, ग्यालरी वा पब्लिक प्लेसमा कलेक्सन होस् भन्ने चाहना रहेको छ ।” तर कलाकार श्रेष्ठको त्यहाँको अनुभव नौलो छ ।

धेरै सिक्का त्यहाँबाट झिकेर लगिए। कतिपयले त सम्झनाका लागि मागेरै लगे । धेरैले चाहिं आफ्नो जन्मिएको सालको सिक्का खोजे । उनले दिन अनकनाएनन् । “झिकेर वा मागेर लगे पनि आखिर उहाँहरूले आफ्नो जीवनको याद र कथा बोकेर लैजानुभएको छ, त्यसैमा म खुशी छु, सिक्का तर फेरि खोजेर ल्याउँला नि,” हाँस्दै भने ।

उनको कला प्रदर्शनी हजारौं मानिसले अवलोकन गरिसकेका छन् । जेठ अन्तिमसम्म हुने प्रदर्शनीमा रामबहादुर माझी, त्यो माझी बस्ती, ती प्रहरीहरू, सिक्का दिने पुजारीहरू र अरू थुप्रै अनुहार सहभागी हुने छैनन् तर कलाकार श्रेष्ठ उनीहरूलाई सम्झिरहनेछन्। उनका हरेक कलाले समय, अवधारणा अनुसार फरकफरक तरीकामा कुरा गरिरहेको पाइन्छ। कुनै बेला चिच्याएर, कुनै बेला दुःखी भएर । यो काम चाहिं अलि बिस्तारै पछिसम्मका लागि केही भनिरहेको जस्तो अनुभव हुन्छ । थुप्रै व्यक्तिले थुप्रै दृष्टिकोणबाट कामसँग जोडिरहेको पाइन्छ।

कलाकार श्रेष्ठले यसअघि राष्ट्रिय पुरस्कारहरू पाइसकेका छन्। तर यो अलि विशेष प्रस्तुति रहेकाले फेरि ३० हजार राशिको प्रादेशिक पुरस्कार पाए। त्यसबापत पाएको केही रकम डुङ्गा दिने रामबहादुर माझीलाई प्रदान गर्ने सोच बनाएका छन् । उनी भन्छन्, “यस्तो काम वा कन्सेप्ट मेरो दिमागले देखेपछि गर्नु नै पर्छ भन्ने लाग्यो, किन कि नगर्दा छुट्न जान्छ। हिमाल, पहाड, भगवान्का चित्रहरू मैले नगर्दा नि अरू कसै न कसैले गरिरहेको हुन्छ। यो त कसैले गर्न सक्दैन, त्यसैले प्रदर्शनीमा ल्याएँ ।”

**यसरी जोडिन्छ जीवनका कथा**

यी सिक्काहरू जीवनकै एक उत्कृष्ट यादहरू हुन्, बालापन झक्झक्याउने आधार हुन् । पाँच पैसाको एउटा सिक्काले पाँचवटा पीपलमेठ किनेर खाएको मीठो सम्झना गराउँछ । एक हिसाबमा यी पैसाहरू आमा, बुबा, आफन्तझैं थिए । एउटा पैसा पायो कि खुशीले गद्गद् हुने जमाना थियो ।

यही पैसाले लङ्गुर्बुर्जा खेलिन्थ्यो । चङ्गा किनेर आकाशमा उडाइन्थ्यो । ठूलाठूला चाडपर्वहरू मनाइन्थ्यो। अनि यही पैसा पाउनकै लागि घण्टौंसम्म भगवान्का मूर्तिहरू ढुकेर बसिन्थ्यो । पैसा नचढाउने व्रतालुलाई मनमनै गाली पनि गरिन्थ्यो । लाग्थ्यो, ढुङ्गाका यी मूर्तिहरू पनि यही पैसाहरू कुरेर बसिरहेका थिए ।

विभिन्न समुदाय र देवदेवीका गरगहना, पूजाहरूमा, खोला, पोखरीहरूमा चढाउने प्रचलनहरू अहिले पनि छ। पैसा ढोग्ने, चढाउने क्रम पनि छ । हिन्दूहरूका शुभ कार्यमा तामाका पैसा नभई हुन्न । त्यसैले नेपाली सिक्काहरू इतिहास मात्र नभएर सिक्कासँग जोडिएका हाम्रो समय, सभ्यता, संस्कृति र यादहरूको सङ्कलन पनि हो ।

कलाकार श्रेष्ठका अनुसार अहिलेको भौतिक दुनियाँमा यो डुङ्गा यति सामान्य छ कि एउटै काठले बनेको तर पनि यसले एक ठाउँको कुरा अर्को ठाउँमा पुऱ्याइदिने वा सम्बन्धहरू जोड्ने काम गर्छ। यहाँ पनि यी सिक्कासँग जोडिएका यी कुराहरूलाई एक ठाउँबाट अर्को ठाउँ, एक पुस्ताबाट अर्को पुस्तासम्म पुऱ्याउने माध्यम बनोस् भन्ने चाहना उनको हो ।



**विमान दुर्घटना उद्धार अभ्यास:** विमानस्थल सङ्कटकालीन योजना अन्तर्गत हवाई उडान तथा सुरक्षा र मेडिकल एवं उद्धार सम्बद्ध विभिन्न निकायको सहभागितामा विमान दुर्घटनासम्बन्धी पूर्णकालीन अभ्यासमा सोमवार त्रिभुवन विमानस्थल परिसरमा विमान आगलागीपश्चात् नमूना उद्धार अभ्यास गर्दै ।
तस्बिर: विमलबहादुर विष्ट/रासस

## फरक समाचार

# चर्को घामबाट एसी कोठामा प्रवेश गर्दा ध्यान दिनुपर्ने कुरा

जब घरबाहिरको तापक्रम ४५ डिग्री सेल्सियस नाघ्छ, एसीमा बस्न कसलाई मन लाग्दैन ? तर जब हामी चर्को घामबाट अचानक एसी कोठामा जान्छौं, यसले



हाम्रो स्वास्थ्यमा निकै नराम्रो प्रभाव पार्न सक्छ। किनभने हाम्रो शरीर तापमानको अचानक परिवर्तनलाई तुरुन्तै अनुकूलन गर्न सक्षम हुँदैन र त्यसपछि नकारात्मक तरीकामा प्रतिक्रिया दिन्छ। आइएचबिएस अस्पताल दिल्लीका पूर्व रेजिडेन्ट डा इमरान अहमदबाट यस समस्याबाट कसरी बच्न सकिन्छ भन्ने कुरा जानौं।

**घामबाट एसीमा जाँदा हुने समस्या**

**चीसो र खोकी :** तापमानमा अचानक परिवर्तनले शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर बनाउँछ, जसले रुघाखोकीको जोखिम बढ्छ।

**घाँटी दुःखाइ :** घाममा पसिना आएपछि एसीमा जाँदा घाँटी सुक्खा हुने र घाँटी दुख्ने समस्या हुन्छ। चीसो हावाले घाँटीको म्युकस मेम्ब्रेनमा असर गर्छ।

**टाउको दुःखाइ :** तापमानमा अचानक परिवर्तनले टाउको दुख्न सक्छ । गर्मीबाट चीसोमा जाँदा रक्तनली साँघुरो हुन्छ, जसले गर्दा टाउको दुख्ने समस्या हुन्छ ।

**शरीर दुःखाइ र थकान :** शरीरको तापक्रममा अचानक परिवर्तनले मांसपेशीमा तनाव र थकान निम्त्याउन सक्छ, जसले शरीरमा दुःखाइ निम्त्याउँछ।

**बच्ने उपाय**

**बिस्तारै तापमान व्यवस्थापन गर्नुहोस् :** घामबाट एसी कोठामा जानु अघि केही समय छायामा वा सामान्य तापक्रममा बस्नुहोस्। यसले शरीरलाई तापमान परिवर्तन गर्न समय दिनेछ।

**हाइड्रेटेड रहनुहोस्** : गर्मीमा धेरै पसिना आउँछ, जसले शरीरमा पानीको कमी हुन सक्छ। पर्याप्त मात्रामा पानी पिउनाले शरीरलाई हाइड्रेटेड राख्छ र तापक्रममा हुने परिवर्तनको सामना गर्न सक्षम हुन्छ।

**खुला र हलुका लुगा लगाउनुहोस् :** घाममा बस्दा खुकुलो र हलुका लुगा लगाउँदा पसिना छिट्टै सुक्छ र शरीर चीसो रहन्छ। यसले एसीमा जाँदा तापमान परिवर्तनको प्रभावलाई कम गर्छ।

**एसीको तापमान बिस्तारै परिवर्तन गर्नुहोस् :** एसीलाई अचानक धेरै चीसो नगर्नुहोस् । बिस्तारै तापमान घटाउनुहोस्, जसले शरीर अनुकूल हुन समय मिल्छ। २४–२६ डिग्री सेल्सियसको तापमान आदर्श हुन्छ।

**समयसमयमा एसी बन्द गर्नुहोस् :** एसी प्रयोग गर्दा बेलाबेला स्वीच अफ गर्नुहोस् र कोठामा हावा ताजा आउन झ्यालहरू खोल्नुहोस्। यसले ताजगी कायम राख्छ र तापमानमा अचानक परिवर्तन हुँदैन।

**शरीर ढाकेर राख्नुहोस् :** घामबाट एसीमा जाँदा टाउको र कान छोप्नुहोस्। यसका लागि तपाईं टोपी वा स्कार्फ प्रयोग गर्न सक्नुहुन्छ। यसले चीसो हावाको प्रभावलाई कम गर्छ।

**प्राकृतिक हावा :** सकेसम्म प्राकृतिक हावाको फाइदा लिनुहोस् । एसीको बानी बसाल्नुको सट्टा पङ्खा वा कुलर प्रयोग गर्नु राम्रो हुन्छ।

**समयसमयमा बाहिर जानुहोस् :** यदि तपाईं लामो समयसम्म एसीमा बसिरहनुभएको छ भने समयसमयमा बाहिर जानुहोस् र ताजगी लिनुहोस्। यसले शरीरलाई बाहिरी तापक्रमसँग मिलाउन मदत गर्छ।

# गर्मीमा किन विद्युतीय स्कूटरमा आगलागी हुन्छ

गर्मी बढेसँगै विद्युतीय स्कूटरमा आगलागी हुने घटना पनि बढ्दै गएको छ। यदि तपाईंसँग पनि विद्युतीय स्कूटर छ भने यसबाट बच्ने उपाय जान्नुपर्छ । दुर्घटनामा विद्युतीय स्कूटरमा क्षति पुग्दा पनि आगो लाग्न सक्छ। यदि ब्याट्री वा



इन्धन ट्याङ्कीमा क्षति पुग्यो भने विद्युतीय स्कूटरमा आगलागी हुन्छ।

स्कूटरलाई धेरै जोडले चलाउँदा, भारी वस्तु बोक्दा वा कच्ची बाटोमा चलाउँदा ब्याट्री र मोटरमा तनाव हुन सक्छ, जसले गर्दा कतिपय विद्युतीय स्कूटर खराब हुनुका साथै आगलागीको जोखिम पनि बढ्छ। खराब जडान, गुणस्तरहीन तार वा गुणस्तरहीन इलेक्ट्रोनिक्स, लामो समयसम्म इलेक्ट्रिक स्कूटर चार्ज गर्दा, गलत चार्जर प्रयोग गर्दा वा खराब चार्जिङ पोर्टले पनि स्कूटरमा आगो लाग्न सक्छ।

खराब चार्जिङले ब्याट्री धेरै तातो हुने, सर्टसर्किट र आगलागी निम्त्याउन सक्छ। इलेक्ट्रिक स्कूटरमा आगोको सबैभन्दा सामान्य कारण खराब ब्याट्री नै हो। खराब ब्याट्रीका सेलहरू फेल हुन सक्छन्, ओभर हिटले पनि स्कूटरमा आगलागी हुन्छ। खराब ब्याट्री फुल्न वा लिक हुन सक्छ, जसले आगलागीको जोखिम बढ्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## बेल्जियमका प्रधानमन्त्री डी क्रूद्वारा राजीनामाको घोषणा

ब्रसेल्स, बेल्जियम, २८ जेठ/एएनआई
बेल्जियमका प्रधानमन्त्री अलेक्ज्यान्डर डी क्रूले आइतवार सम्पन्न राष्ट्रिय र युरोपेली संसदीय चुनावमा आफ्नो दलको हारपछि राजीनामा दिएका छन्।



बेल्जियमका प्रधानमन्त्री अलेक्ज्यान्डर डी क्रू। तस्वीरः एपी

आइतवार राति ब्रसेल्समा यस्तो घोषणा गर्दा आँसु रोक्न गाह्रो भएको भन्दै उनले उपलब्ध नतीजा आफूले आशा गरेको नतीजा नभएको बताए।

भोलिसम्म प्रधानमन्त्रीको पदबाट राजीनामा दिने र वर्तमान मामिलामा पूर्णरूपमा ध्यान केन्द्रित गर्ने उल्लेख गरेको सिएनएनले जनाएको छ।

आरटिबिएफको मतदानलाई उद्धृत गर्दै सिएनएनले डी क्रूको 'ओपन भिएलडी' दलले युरोपेली संसद्मा ५.८ प्रतिशत मत प्राप्त गरेको र यो राम्रो प्रदर्शन नभएको जनाएको छ।

आरटिबिएफको सर्वेक्षणले अति दक्षिणपन्थी 'भ्लामस बेलाङ पार्टी' र 'फ्लेमिश नेशनलिस्ट (एनभिए) पार्टी'ले क्रमशः १४.८ र १४.२ प्रतिशत मतका लागि बराबरी रहेको देखाएको छ।

राजीनामाको घोषणा गर्दै डी क्रूले बेल्जियमलाई आफ्नो कार्य लिन सक्ने पूर्ण शक्तिको नयाँ सरकार चाहिने विश्वासलाई जोड दिंदै आफ्नो उत्तराधिकारीलाई शक्तिको 'उचित हस्तान्तरण' गर्ने प्रतिबद्धता जनाए।

सिएनएनका अनुसार युरोपेली सङ्घका २७ सदस्य राष्ट्रमा मतदान हाललाई बन्द भएको छ भने अन्तिम मतदान इटालीमा भएको थियो।

युरोपेली सङ्घको चुनावले विश्वको दोस्रो ठूलो लोकतान्त्रिक अभ्यासको प्रतिनिधित्व गर्छ, जुन परिमाणको हिसाबले भारतको चुनावभन्दा पछाडि छ। युरोपेली सङ्घमा लगभग ४० करोड मतदाताले आर्कटिक सर्कलदेखि अफ्रिका र एशियाको सिमानासम्म फैलिएको युरोपेली संसद्का ७२० सदस्य चयन गर्नेछन्।

यी चुनावको नतीजाले जलवायु परिवर्तन, रक्षादेखि आप्रवासन र चीन र संयुक्त राज्य अमेरिकाजस्ता प्रमुख वैश्विक राजनीतिक खेलाडीसँग अन्तर्राष्ट्रिय सम्बन्धसम्मका विश्वव्यापी मुद्दामा नीति निर्धारण गर्नेछ।

सन् २०१९ को पछिल्लो युरोपेली चुनावदेखि भूराजनीतिक गतिशीलता उल्लेखनीयरूपमा परिवर्तन भएको छ।

रूसले युक्रेनमा गरेको आक्रमणले युरोपेली सङ्घको किनारमा द्वन्द्व ल्याएको छ, जसले यस क्षेत्रमा शान्ति र स्थिरता कायम गर्न सङ्घको भूमिकालाई जोड दिएको छ। युरोपेली सङ्घमा सामेल हुन चाहने युक्रेनले भूराजनीतिक जटिलतालाई थप जोड दिन्छ। रासस

## शेख हसिनाद्वारा मोदीलाई बङ्गलादेश भ्रमणको निम्तो

नयाँ दिल्ली, भारत, २८ जेठ/एएनआई
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको तेस्रो कार्यकालको शपथपछि भएको संक्षिप्त भेटमा शेख हसिनाले भविष्यमा सम्बन्ध बलियो बनाउन नयाँ सरकारसँग मिलेर काम गर्ने इच्छा व्यक्त गरेको बङ्गलादेशका विदेशमन्त्री मोहम्मद हसन महमुदले बताए।

प्रधानमन्त्री शेख हसिनालाई आइतवार राजधानी दिल्लीको राष्ट्रपति भवनमा भएको शपथग्रहण समारोहमा आमन्त्रित गरिएको थियो।

प्रधानमन्त्री शेख हसिना प्रधानमन्त्री मोदी र उनको मन्त्रिपरिषद्को शपथग्रहण समारोहमा सहभागी भएपछि प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गरिन्। उक्त अवसरमा बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनाले प्रधानमन्त्री मोदीको नेतृत्वको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) ले लोकसभामा बहुमतका लागि पाएको सफलताका लागि बधाई दिएकी थिइन्। उनले सम्बन्ध बलियो बनाउन भविष्यमा नयाँ सरकारसँग मिलेर काम गर्ने इच्छा व्यक्त गरेको विदेशमन्त्री हसन महमुदले एएनआईलाई बताए।

बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिना र उनका भारतीय समकक्षी मोदीको नेतृत्वमा दुई देशबीचको सम्बन्ध 'नयाँ उचाइ'मा पुगेको बताउँदै विदेशमन्त्री महमुदले बङ्गलादेशको तर्फबाट प्रधानमन्त्री मोदीलाई ढाका भ्रमणको निम्तो पनि दिएको बताइन्।

छिमेकीको रूपमा आफूहरूसँग धेरै अवसर भएको बताउँदै हाम्रा जनता–जनताबीचको सम्पर्कलाई बलियो बनाउने सन्दर्भमा अझ बढी सहकार्य भएमा यसबाट दुवै मुलुकले लाभ लिने विदेशमन्त्री महमुदले उल्लेख गरे।

राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए)ले जून ५ मा नरेन्द्र मोदीलाई आफ्नो नेताको रूपमा चयन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरेको थियो।

भारतीय संसद्को ५४३ सदस्यीय तल्लो सदनको लोकसभा चुनावमा भाजपाको नेतृत्वमा रहेको एनडिएले २९३ सिट जितेको छ।

प्रधानमन्त्री मोदी भारतका संस्थापक प्रधानमन्त्री जवाहरलाल नेहरूपछि लगातार तेस्रो कार्यकाल प्रधानमन्त्री हुने दोस्रो भारतीय नेता हुन्। रासस

## भारतका प्रधानमन्त्री मोदीद्वारा शपथग्रहण समारोहमा सहभागी विदेशी पाहुनालाई धन्यवाद ज्ञापन

नयाँ दिल्ली, २८ जेठ/एएनआई
भारतका प्रधानमन्त्री मोदीले शपथग्रहण समारोहमा सहभागी विदेशी पाहुनालाई धन्यवाद ज्ञापन गरेका छन्।

भाजपा नेता मोदीले आइतवार राष्ट्रपति भवनमा आयोजित एक भव्य समारोहमा आफ्नो तेस्रो कार्यकालका लागि भारतका प्रधानमन्त्रीका रूपमा शपथ लिएका थिए।

राष्ट्रपति द्रौपदी मुर्मूले नरेन्द्र मोदीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएकी थिइन्।

प्रधानमन्त्री मोदीले एक्समा पोस्ट गरेको एक सन्देशमा भारतका विश्वभरका सहयोगीसँग सहकार्यको महत्त्वमा जोड दिंदै साझा चुनौतीहरूको सामना गर्न र पारस्परिक हित अगाडि बढाउन राष्ट्रले आफ्ना मूल्यवान साझेदारहरूसँग निकट रहेर काम जारी राख्ने बताएका छन्। उनले भने–"शपथ ग्रहण समारोहमा सहभागी हुनुहुने सबै विदेशी महानुभावहरूप्रति म आभारी छु। मानव प्रगतिका लागि भारतले हाम्रा मूल्यवान साझेदारहरूसँग सधैं निकट रहेर काम गर्नेछ।"

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आइतवार तेस्रो कार्यकालका लागि प्रधानमन्त्रीपदको शपथ लिएपछि भारतका छिमेकी, हिन्द महासागर क्षेत्रका नेताहरू राष्ट्रपति भवनको मञ्चमा सहभागी भएका थिए।

प्रधानमन्त्री मोदीसँग श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिङ्घे, माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु, सेशेल्सका उपराष्ट्रपति अहमद अफिफ, नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिना, भूटानका प्रधानमन्त्री छिरिङ तोब्गे, मरिससका प्रधानमन्त्री प्रविन्द जुगनाथले प्रत्यक्ष भेटी हात मिलाएर बधाइ ज्ञापन गरेका थिए।

विदेशी नेताहरूले राष्ट्रपति द्रौपदी मुर्मू र उपराष्ट्रपति जगदीप धनखरलाई सफलतापूर्वक लोकसभा निर्वाचन सम्पन्न गरेकोमा बधाई दिएका थिए।

आइतवार राति राष्ट्रपति मूर्मुले आयोजना गरेको भोजमा सरिक हुनुपूर्व राष्ट्रपति मूर्मु, उपराष्ट्रपति धनखर, भारतीय प्रधानमन्त्री मोदी, नेपालका प्रधानमन्त्री 'प्रचण्ड'लगायत विदेशी पाहुनाले सामूहिक तस्वीर खिचाएका थिए।

भारतीय विदेश मन्त्रालयले भनेको छ–"प्रधानमन्त्री नरेन्द्र मोदीको लगातार तेस्रो कार्यकालको शपथ ग्रहण समारोहमा सहभागी हुन नेताहरूको भ्रमण भारतले 'छिमेकी पहिलो' नीति र 'सागर' भिजनलाई दिएको उच्च प्राथमिकता अनुरूप हो।"

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो शपथ ग्रहण समारोहमा सहभागी भएका विदेशी पाहुनाप्रति आभार व्यक्त गर्दै 'छिमेक पहिलो' नीतिप्रति भारतको प्रतिबद्धता दोहोऱ्याए। भारतको विशाल जनसङ्ख्याको सेवा गर्ने आफ्नो प्रतिबद्धता व्यक्त गर्दै उनले भने–"देशलाई प्रगतिको नयाँ उचाइमा पुऱ्याउने आफ्नो सरकारको लक्ष्य रहने छ।"

भारतीय प्रधानमन्त्री मोदीले नवनियुक्त सबै मन्त्रीहरूलाई बधाई ज्ञापन गर्दै भने–"म १४० करोड भारतीयको सेवा गर्न र भारतलाई प्रगतिको नयाँ उचाइमा पुऱ्याउन मन्त्रिपरिषदसँग मिलेर काम गर्न उत्सुक छु। आज शपथ ग्रहण गर्नुहुने सबैलाई बधाई छ। मन्त्रीहरूको यो टोली युवा र अनुभवको ठूलो मिश्रण हो र हामी जनताको जीवन सुधार गर्न कुनै कसर बाँकी राख्नेछैनौं।" रासस



**भेरी नदीः** डोल्पाको सदरमुकाम दुनै बजारको बीच भाग भएर बगिरहेको भेरी नदी। वर्षायाममा नदीको बहाव उच्च भएपछि सदरमुकाम दुनै बजार जोखिममा पर्ने गरेको छ। तस्बिरः हेमन्त केसी/रासस

## पोखरिया अस्पताल र मेडिसिटी अस्पतालबीच छलफल

प्रस, पोखरिया, २८ जेठ/रासस
पर्साको पोखरिया अस्पतालमा मेडिसिटी अस्पताल काठमाडौंको सहकार्यमा विभिन्न जटिल रोगबाट ग्रसित बिरामीहरूको निश्शुल्क उपचार गर्ने सम्बन्धमा सोमवार छलफल भएको छ। पोखरिया अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहान, पोखरिया अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा अनिल यादव र मेडिसिटी अस्पताल काठमाडौंका निर्देशक विजय रिमालबीच पोखरिया अस्पतालमैं छलफल भएको हो।





छलफलमा निर्देशक रिमालले गाउँमा पैसाको अभावमा बिरामीले अल्पायुमैं ज्यान गुमाउनुपर्ने बाध्यतालाई मध्यनजर गरी पोखरिया अस्पतालमैं जटिलभन्दा जटिल रोगबाट ग्रसित बिरामीको निश्शुल्क उपचार गर्न आफूहरू तयार रहेको बताए।

पोखरिया अस्पतालको सभाहलमा भएको छलफलमा नेपाल मेडिसिटी वयोधा अस्पताल वीरगंजका प्रशासन प्रमुख विष्णु पटेल, डा विश्वनाथ कण्ठ, भुवन आलम, वडाध्यक्ष लक्ष्मण साह कानू, पोखरिया अस्पताल प्रशासन शाखाका लक्ष्मीप्रसाद चौहान, बृजेश द्विवेदीलगायत सरोकारवालाहरूको सहभागिता थियो।

## नेप्से परिसूचक आठ दशमलव ९० अङ्कले बढ्यो

काठमाडौं, २८ जेठ/रासस
यो सातामा कारोबारको पहिलो आइतवार चार दशमलव ५९ अङ्कले घटेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक सोमवार दोस्रो दिन आठ दशमलव ९० अङ्कले बढेको छ। आज नेप्से परिसूचक शून्य दशमलव ४२ प्रतिशतले बढेर दुई हजार ८२ दशमलव ०९ को बिन्दुमा कायम भएको हो।

आज ३१४ कम्पनीका एक करोड १६ लाख ३४ हजार ६१८ कित्ता शेयर ७१ हजार ९४८ पटक खरीद–बिक्री हुँदा रु पाँच अर्ब ४९ करोड छ लाख नौ हजार ७८२ बराबरको कारोबार भएको छ।

बैंकिङ समूह शून्य दशमलव ०२, होटल तथा पर्यटन शून्य दशमलव ९३, जीवन बीमा शून्य दशमलव २४, म्युचुअल फन्ड तीन दशमलव ७४, व्यापार समूह दुई दशमलव ०३ र अन्य समूह शून्य दशमलव ०३ प्रतिशतले घटेका छन् भने अरू सबै समूहका उपसूचक बढेका छन्। आज विकास बैंक समूह शून्य दशमलव ३६, वित्त एक दशमलव २१, जलविद्युत् दुई, लगानी शून्य दशमलव १५, लघुवित्त शून्य दशमलव ६२ र निर्जीवन बीमा समूह एक दशमलव २८ प्रतिशतले बढेका छन्।

कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेड, त्रिशूली जलविद्युत् कम्पनी लिमिटेड र पिपुल्प पावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने जानकी फाइनान्स कम्पनी लिमिटेड आठ दशमलव ६७ र बाराही हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव २९ प्रतिशतले घटेका छन्।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु ४१ करोड ८७ लाख ६३ हजार २०६ बराबरको छ लाख २७ हजार ६७६ कित्ता शेयर किनबेच भएका छन्।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | उदरपीडा | वृष | मित्रमिलन |
| मिथुन | अतिथिआगमन | कर्कट | सुयश |
| सिंह | खर्चवृद्धि | कन्या | धनलाभ |
| तुला | सफलता | वृश्चिक | प्रगति |
| धनु | रोगभय | मकर | यात्रालाभ |
| कुम्भ | शत्रुपराजय | मीन | ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## भित्रियो यस वर्षको मनसुन प्रणाली

काठमाडौं, २८ जेठ/रासस
यस वर्षको मनसुन प्रणाली कोशी प्रदेशको पूर्वी भूभागमा सोमवारदेखि भित्रिएको छ। नेपालमा मनसुन भित्रिने सरदर मिति जून १३ हो।

यस वर्षको मनसुन सरदर मितिभन्दा तीन दिन छिटो भित्रिएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

नेपालका अन्य भूभागमा केही दिनमा क्रमिकरूपमा मनसुन भित्रिने अनुमान गरिएको छ।

आगामी मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


### सच्याइएको

२०८० चैत १५ गते प्रकाशित मोटरसाइकल चोरी भएको सूचनामा चोरी भएको मिति २०८०/११/६ हुनुपर्नेमा भूलवश अन्यथा भएकोले सच्याइएको छ। विज्ञापन शाखा


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# मधेसका मजदूरहरू पञ्जाब जाने लर्को, खेताला पाउनै छाडियो

नितेश कर्ण, वीरगंज, २८ जेठ/

यतिबेला तराई–मधेसका मजदूरहरूको स्वदेशमा रोजगार नपाएपछि भारतको पञ्जाब जाने लर्को लागेको छ।

गाउँघरमा काम नपाउने र धान रोपाइँको समयमा भारतको पञ्जाबमा राम्रो रोजगार पाइने भन्दै मजदूरहरूको पञ्जाब जान लर्को लागेको छ। मधेसका अधिकांश दलित घरपरिवारका पुरुष सदस्यहरू धान रोपाइँ गर्न धमाधम पञ्जाब जान लागेपछि गाउँघर सुनसान हुन थालेका छन्।



तस्वीर: प्रतीक

सर्लाही जिल्ला कविलासी नगरपालिका–७ का रामप्रीत पासवानले गाउँघरमा रोजगार नभएको बताए। भारत, पञ्जाबमा जेठ र असार महीनामा धान रोपाइँ हुन्छ र कात्तिकमा कटाइ हुने भएकोले अधिकांश पुरुष रोजगारका लागि पञ्जाब गएको उनले बताए। उनले फागुन, चैत महीनामा पनि यहाँका युवाहरू गहुँ काट्न पञ्जाब जाने गरेको बताए।

आफू पनि गत वर्ष तीनपटक पञ्जाब गएर राम्रो कमाइ गरेको पासवान बताउँछन्। उनले राम्रो कमाइकै कारण यहाँका युवाहरूको रोजाइ पञ्जाब रहेको बताए।

सोही ठाउँका मोहन पासवानले घर छोडेर बाहिर कमाउन जाने कसैको रहर नभएको बताउँदै पेटकै कारण पञ्जाब जान बाध्य रहेको बताए। उनले पञ्जाबमा राम्रो कमाइ भएपछि गाउँ फर्केर खेतीपाती गर्ने गरेको बताए।

गाउँका खेतालाहरू पञ्जाब जान थालेपछि गाउँघरमा खेतीपाती गर्ने मानिस नपाउने गरेको उनले बताए। यहाँ मकै रोप्ने, काटने तथा धानको बीउ छर्न खेतालासमेत पाउन छाडिएको छ।

# महानगरभित्रका विद्यालयमा बिहान १०:३० भित्रै पठनपाठन सक्नुपर्ने

वीरगंज (पर्सा), २८ जेठ/रासस

वीरगंज महानगरपालिकाले अत्यधिक गर्मी बढेसँगै बिहान १०:३० बजेभित्रै पठनपाठन सकाउन सामुदायिक तथा निजी विद्यालयहरूलाई निर्देशन दिएको छ। महानगरको आइतवार बसेको बैठकले गर्मी बढेसँगै सोमवारदेखि विद्यालयको पठनपाठन सीमित अवधिमा मात्र गर्न निर्देशन दिएको हो।

वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले तराई–मधेस क्षेत्रमा गर्मी बढिरहेको र अझै केही दिन गर्मी बढ्न सक्ने मौसम विभागको पूर्वानुमानलाई मध्यनजर र बालबालिकाको स्वास्थ्यलाई ध्यानमा राख्दै बिहानीको समयमा कक्षा सञ्चालनको समयावधि कम हुनेगरी पठनपाठन गराउन निर्देशन दिएको बताए।

"महानगरपालिकाको आइतवार बसेको बैठकले हाल शिक्षण समयावधि पछि मिलान गर्नेगरी शैक्षिक क्षति न्यूनीकरण गर्न अर्को सूचना जारी नभएसम्म जेठ २८ गतेदेखि बिहान १०:३० बजेभित्र पठनपाठन सक्नेगरी कक्षा सञ्चालन गर्ने समयावधि व्यवस्थापन गर्न गराउन अनुरोध गरिएको छ," उनले भने।

वीरगंज महानगर क्षेत्रमा यस अघि बिहान ६ बजेदेखि बिहानी सत्रमा पठनपाठन हुँदै आएको थियो। महानगरले गत वैशाख २० गतेदेखि बिहानी सत्रमा पठनपाठन गराउँदै आएको थियो। महानगरको शिक्षा समितिको २०८१ जेठ १४ गते बसेको बैठकले यस अघि वीरगंजमा अत्यधिक गर्मीका कारण जेठ १६ देखि १८ गतेसम्म तीन दिन विद्यालयको पठनपाठन बन्द गरेको थियो।

त्यसपछि बर्सात् भएपनि वीरगंजमा बिहानकै समयमा पठनपाठन हुँदै आइरहेको थियो। महानगरभित्र सामुदायिकतर्फ ९२ वटा र निजीतर्फ १३८ वटा विद्यालय छन्।

सामुदायिक विद्यालयतर्फ २१ माध्यमिक, १५ आधारभूत, ५५ वटा प्राथमिक विद्यालय र एउटा पूर्वप्राथमिक विद्यालय रहेका छन्।


## हावाहुरीबाट जोगिने उपायहरू

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## भन्सार छलीको सामान बरामद

प्रस, सिम्रौनगढ, २८ जेठ/

सशस्त्र प्रहरी बल बिओपी गोलागंजले तीन लाख मूल्य बराबरको भन्सार छलीका सामान नियन्त्रणमा लिई वीरगंज भन्सार कार्यालय बुझाएको छ।



सशस्त्र प्रहरी निरीक्षक माधवप्रसाद ढुङ्गेल नेतृत्वको गस्ती टोलीले भन्सार छलीका बिस्कुट, सर्फ, सुर्ती, रक्सी, कुर्सी, मल र एउटा मोटरसाइकल नियन्त्रणमा लिई वीरगंज भन्सार बुझाएको जनाइएको छ।

# खेलकूदको संसार

## सन्दीपले टी–२० विश्वकप क्रिकेट खेल्ने

काठमाडौं, २८ जेठ/रासस

आइसिसी टी–२ विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत वेस्ट इन्डिजमा आयोजना हुने खेलमा नेपाली टोलीका स्पिनर सन्दीप लामिछाने खेल्ने भएका छन्। नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा सोमवार जारी विज्ञप्तिमा वेस्ट इन्डिजमा हुने दक्षिण अफ्रिका र बङ्गलादेशविरुद्ध खेलमा सन्दीपले सहभागिता जनाउने उल्लेख गरिएको छ। सन्दीप नेपाली राष्ट्रिय क्रिकेट टोलीमा समावेश हुँदै उक्त प्रतियोगिता खेल्न लागेका हुन्।



सन्दीप लामिछाने

क्यानले यस अघि यही जेठ २ गतेदेखि सन्दीपलाई घरेलु तथा अन्तर्राष्ट्रिय सबै प्रकारका क्रिकेट खेल गतिविधिको निलम्बनबाट फुकुवा गरेको थियो। उच्च अदालत पाटनको फैसलाबमोजिम बलात्कार मुद्दामा सफाइ पाएसँगै क्यानले पनि सोही दिनदेखि क्रिकेट गतिविधिबाट निलम्बन फुकुवा गरेको थियो।

युवा बलर प्रतीश जिसीलाई 'ट्राभलिङ रिजर्भ' राख्दै सन्दीपलाई नेपाली टोलीमा समावेश गरेको क्यानका सचिव पारस खड्काले जानकारी दिए। सङ्घले पूर्वघोषित टीमबाट युवा बलर जिसीलाई ट्राभलिङ रिजर्भमा राख्ने निर्णय गर्दै सन्दीपलाई विश्वकप खेल्ने आधिकारिक १५ जना टोलीको अन्तिम नामावली आइसिसी सामु पेश गरेको क्यानको भनाइ छ।

विज्ञप्तिमा भनिएको छ– "यही जेठ ३ गतेदेखि नै सन्दीप नेपालको अफिसियल टीममा रहेका तर अमेरिकी राहदानी प्राप्त नभए पनि आइसिसीसँग समन्वय गरी वेस्ट इन्डिजमा हुने दक्षिण अफ्रिका तथा बङ्गलादेशविरुद्ध नेपालका दुई खेलमा सन्दीपको उपस्थिति रहने जानकारी गराउन चाहन्छौं।"

विश्वकप क्रिकेट २०२४ का खेल अमेरिका र वेस्ट इन्डिजमा भइरहेका छन्। अमेरिकामा भएको नेदरल्यान्ड्सविरुद्ध पहिलो खेलमा पराजित भएको नेपालले दोस्रो खेल यही जेठ ३० गते अमेरिकामैं श्रीलङ्कासँग खेल्नेछ। उक्त खेल खेलेपछि नेपाली टोली वेस्ट इन्डिजको सेन्ट भिसेन्ट पुग्नेछ। त्यहाँ नेपालले दक्षिण अफ्रिका र बङ्गलादेशसँग खेल्नेछ।

## विश्वकप क्रिकेट : भारतद्वारा पाकिस्तान पराजित

काठमाडौं, २८ जेठ/रासस

भारतले पाकिस्तानलाई छ रनअन्तरले पराजित गर्दै आइसिसी टी–२० विश्वकप क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जीत दर्ता गराएको छ। विश्वकपको पहिलो खेलमा भारतले आयरल्यान्डलाई पराजित गरेको थियो।

अमेरिकाको न्यूयोर्कमा गएराति सम्पन्न खेलमा भारतले दिएको १२० रनको सामान्य लक्ष्य पछ्याएको पाकिस्तान निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै ११३ रनमा समेटियो। पाकिस्तानका लागि मोहम्मद रिजवानले सर्वाधिक ३१ रन बनाए। त्यस्तै, इमाद वासिमले १५ रन रन बनाउँदा बाबर आजम, उस्मान खान र फखर जमानले समान १३/१३ रन बनाए।



तस्वीर: एपी

वर्षा रोकिएर खेल शुरू भएपछि भारतीय कप्तान शर्मा अम्पायरसँग कुरा गर्दै।

पाकिस्तानलाई ११३ रनमा समेट्ने क्रममा भारतका जसप्रीत बुमराहले तीन विकेट लिए भने हार्दिक पाण्ड्याले दुई विकेट झारेका थिए। त्यस्तै, अर्शदीप सिंह र अक्षर पटेलले समान एक/एक विकेट लिए।

त्यस अघि टस हारेर पहिला ब्याटिङ गरेको भारतले १९ ओभरमा सबै १० विकेट गुमाउँदै ११९ रनको योगफल बनाएको थियो। भारतका लागि ऋषभ पन्तले सर्वाधिक ४२ रनको योगदान दिए। उनले ३१ बलमा छ चौकासहित ४२ रन बनाए। यस्तै, अक्षर पटेलले १८ बलमा २० तथा कप्तान रोहित शर्माले १२ बलमा १३ रन जोडे।

पाकिस्तानका लागि नसीम शाह र हरिश रौफले समान तीन/तीन विकेट लिए भने मोहम्मद आमीरले दुई विकेट लिए। त्यस्तै, शाहिन शाह अफ्रिदीले एक विकेट झारे। यस हारसँगै पाकिस्तानको अन्तिम आठमा पुग्ने सम्भावनामा न्यून भएको छ। पाकिस्तानको यो लगातार दोस्रो हार हो। यस अघि पाकिस्तान अमेरिकासँग पराजित भएको थियो। यस जीतसँगै भारतले दुई खेलमा चार अङ्क जोडेको छ। अमेरिकाको पनि दुई खेलमा समान चार अङ्क नै छ। क्यानडाको दुई खेलमा दुई अङ्क रहेको छ। पाकिस्तानको दुई खेल र आयरल्यान्डको एक खेल अङ्कविहीन छन्।

## 'निर्धारित समयमैं १०औं राष्ट्रिय खेलकूद हुने'

काँक्रेविहार (सुर्खेत), जेठ २८/रासस

युवा तथा खेलकूदमन्त्री विराजभक्त श्रेष्ठले १०औं राष्ट्रिय खेलकूद प्रतियोगिता निर्धारित समयमैं हुने बताएका छन्। आगामी मङ्सिरमा हुने १०औं राष्ट्रिय खेलकूद प्रतियोगिताका लागि खेल पूर्वाधार तथा निर्माणको गति बुझ्न सुर्खेत आएका मन्त्री श्रेष्ठले सोमवार निर्माणस्थलको अनुगमन गरेका थिए।

वीरेन्द्रनगरस्थित निर्माणाधीन प्रदेश रङ्गशालाको अनुगमन तथा निरीक्षण गरेपछि मन्त्री श्रेष्ठले कर्णालीमा खेलकूदको विकास हुने विश्वास व्यक्त गरे। मन्त्री श्रेष्ठले कर्णालीले पहिलोपटक यति ठूलो संरचना निर्माण गर्दा कर्णालीको खेलकूद विकास मात्र नभई अन्य क्षेत्रले पनि सिको गर्न सक्ने बताए। "कर्णालीले जमर्को गरेर १०औं राष्ट्रिय खेलकूदलाई महोत्सव मनाउन अपील गर्छु," उनले भने, "यही अवस्थामा खेलकूद हुन्छ कि हुन्न भन्ने आशङ्का पनि छ। तर १०औं राष्ट्रिय खेलकूद जसरी भएपनि हुन्छ।"

१०औं राष्ट्रिय खेलकूद सम्पन्न गर्न राज्यका तीनै तहको उत्तिकै भूमिका रहने उनको भनाइ छ। संरचना निर्माणको सन्दर्भमा सङ्घले बजेट दिन नसकेको उनले स्वीकार गरे। उनका अनुसार केन्द्रले रु १० करोड छुटयाउन खोजेको थियो, तर बजेट अभावका कारण प्रतियोगितामा मात्रै केन्द्रित गरिएको छ। कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री वीरबहादुर शाहीले प्रदेशको क्षमता अनुसार १०औं राष्ट्रिय खेलकूद प्रतियोगितामा सहयोग गर्ने प्रतिबद्धता जनाए।

## पहिलो अन्तर्राष्ट्रिय खेल दिवस मनाइँदै

काठमाडौं, २८ जेठ/रासस

'खेलमय अभिभावकत्व'को नारासहित भोलि मङ्गलवार पहिलोपटक अन्तर्राष्ट्रिय खेल दिवस मनाइँदैछ। हरेक बालबालिकाको खेल्न पाउने अधिकार सुनिश्चित गर्न हरेक जून ११ मा मनाइने यस दिवसमा संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)ले सरकार, हेरचाहकर्ता, शिक्षक र समुदायलाई एकजुट भए आफ्ना प्रयास र लगानी बढाउन आह्वान गरेको छ।

युनिसेफ नेपालले सोमवार आयोजना गरेको सञ्चार अन्तर्क्रियामा सो संस्थाका प्रारम्भिक बालविकास विज्ञ डा दीपु शाक्यले खेल रमाइलोका लागि मात्र नभई यसले बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक तथा बौद्धिक विकासमा सहयोग गर्ने बताए।

"खेलका माध्यमबाट बालबालिकाले अरूसँग सम्बन्ध बनाउन, नेतृत्व सीप तथा प्रतिरोधी क्षमता विकास गर्न, सम्बन्धको खोजी गर्न, सामाजिक चुनौती चिन्न र उनीहरूका डरहरूमाथि विजय पाउन सक्छन्," डा शाक्यले भने, "बालबालिकाले खेल्दा सुरक्षित महसूस गर्छन्। खेलले बालबालिकाको रचनात्मक अभिव्यक्ति विकास गर्न पनि मदत गर्छ। यी अहिलेको विश्वमा बाँच्नका लागि महत्त्वपूर्ण सीपहरू हुन्।"

विद्यार्थीलाई सिकाइ प्रक्रियामा सक्रियरूपमा संलग्न गराउन खेलमा आधारित सिकाइलाई प्रभावकारी पद्धतिका रूपमा मान्यता दिने पनि युनिसेफ नेपालले जनाएको छ। खेलले सहिष्णुता र लचकताको प्रवर्द्धन साथै सामाजिक समावेशिताको सहजीकरण, द्वन्द्व रोकथाम र शान्ति निर्माणमा सकारात्मक प्रभाव पार्छ। यही कुरालाई आत्मसात् गर्दै बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिले धारा ३१ अन्तर्गत खेललाई प्रत्येक बालबालिकाको मौलिक अधिकारका रूपमा स्थापित गरेको छ। नेपाल यो महासन्धिमा सबैभन्दा पहिला हस्ताक्षर गर्ने राष्ट्रहरूमध्ये एक हो।